साना किसान विकास बैंक लि. को प्रकाशन

# साना किसान

वर्ष ७, पूर्णाङ्क १३, जेठ–असार २०६९

द्वैमासिक

यस अंकमा

साना किसानका प्रेरक व्यक्तित्व अविनन्द गिरी ०२
उद्यमी कृष्णबाबु श्रेष्ठको कथा ०४
नमुना अगुवा खिलनारायण श्रेष्ठ ०६
प्रेरणादायी परिश्रमी अनरजीतप्रसाद थारू ०८
साना किसानको कार्यक्रममा गभर्नरको अभिरुचि १२
अर्थसचिवद्वारा बर्दियाका अनुसरित सहकारी संस्थालाई परिपक्वता प्रमाणपत्र प्रदान १४
साना किसानको कार्यक्रममा इजरायली राजदूत १५

## एघारौं बैंक दिवसमा प्रमुख कार्यकारी अधिकृतको मन्तव्य



साना किसान विकास बैङ्क स्थापनाको एघारौँ वार्षिकोत्सवको अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी हामीलाई नेपालको गरिबी न्यूनीकरण अभियानमा लाग्न थप हौसला प्रदान गर्न पाल्नुहुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू लगायत अन्य अतिथिज्यूहरूलाई स्वागत गर्न पाउँदा हर्ष लागेको छ ।

संस्थापक सेयरधनीका रूपमा नेपाल सरकार, कृषि विकास बैङ्क, नेपाल बैङ्क, नबिल बैङ्क र २१ वटा साना किसान सहकारी संस्थाहरूको सामूहिक प्रयासबाट २०५८ साल आषाढ २२ गते यस बैङ्कको स्थापना भएको हो । अधिकृत पुँजी रु. २४ करोड, जारी पुँजी रु. २० करोड भएको यस बैङ्कको हाल चुक्ता पुँजी रु.१४ करोड रहेको छ । सेयरधनी साना किसान सहकारी संस्थाहरूको सङ्ख्या हाल २३१ रहेको छ भने उक्त चुक्ता पुँजीमा संस्थाहरूको सेयरको हिस्सा ६० प्रतिशत रहेको छ । सर्वसाधारणलाई छुट्याइएको रु. ६ (छ) करोड राशीको सेयर निकट भविष्यमा जारी गरी रु. २० करोड चुक्ता पुँजी पुऱ्याउने लक्ष्य रहेको छ ।

बैङ्क तथा वित्तीय संस्था ऐन, २०६३ अनुसार यस बैङ्कले 'घ' वर्गको लघुवित्त थोक कर्जा प्रवाह गर्ने बैङ्कका रूपमा मान्यता पाएको छ । २०६९ जेठ मसान्तसम्ममा यस बैङ्कले २६३ साना किसान सहकारी संस्था र अन्य समान प्रकृतिका लघुवित्त कारोवार गर्ने २४ वटा सहकारी संस्थाहरू, जसलाई Other MFIs पनि भनिन्छ, गरी २८७ सहकारी संस्थामार्फत उत्पादनमा आधारित लघुवित्तसेवा प्रदान गर्दै आएको छ ।

यस बैङ्कमा आबद्ध २८७ संस्थामार्फत २०६९ जेठसम्ममा देशको ४३ जिल्लाका ३७० भन्दा बढी गा. वि. स. का कूल २ लाख २५ हजार परिवार सदस्यहरूले सेवा प्राप्त गरिरहेका छन् । यस बैङ्कसँग कारोबार गर्ने लगभग सबै

...बाँकी अंश पृष्ठ नं १० मा

## सञ्चालक समितिका अध्यक्ष खेमबहादुर पाठकको मन्तव्य



नेपालको साना किसान विकास अभियानका सन्दर्भमा २०५८ साल आषाढ २२ गतेलाई एक महत्वपूर्ण दिनका रूपमा लिन सकिन्छ, जुन दिन नेपालका साना किसानलाई आफ्नो पहिचानसहितको साना किसान विकास बैङ्क स्थापना गर्ने साइत जुऱ्यो ।

कृषि विकास बैङ्कले साना किसान विकास कार्यक्रममा संलग्न साना किसानहरूलाई नै यो कार्यक्रम सञ्चालन गर्ने जिम्मा दिने सन्दर्भमा सुरु गरेको साना किसान संस्थागत विकास-प्रक्रियाको परिणामस्वरूप साना किसान विकास अभियानमा लागेका अगुवा संस्थाहरूको सहभागितामा उक्त बैङ्कको अगुवाइमा यस बैङ्कको स्थापना कार्य

...बाँकी अंश पृष्ठ नं ८ मा

### हार्दिक बधाई



नेपाल बैंक लि. का तर्फबाट यस बैंकको सञ्चालक समितिमा मिति २०६९/२/३२ देखि उक्त बैंकका मुख्य प्रबन्धक श्री **कुञ्जप्रसाद मिश्र** नियुक्त हुनु भएकोमा सहर्ष हार्दिक बधाई ज्ञापन गर्दछौं । उहाँको बैंकिङ्ग क्षेत्रको लामो अनुभव र कार्यकुशलताबाट यस बैंकले लघुवित्त बजारमा अग्रणी भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछौं ।

साना किसान विकास बैंक लि. परिवार

### हार्दिक धन्यवाद



नेपाल बैंक लि. का तर्फबाट यस बैंकको सञ्चालक समितिमा मिति २०६७/४/१९ देखि २०६९/२/३१ सम्म प्रतिनिधित्व गर्नु हुने उक्त बैंकमा का. मु. मुख्य प्रबन्धक श्री **सुदर्शन प्रसाद पोखरेलले** पुऱ्याउनु भएको योगदानका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

साना किसान विकास बैंक लि. परिवार

**प्रमुख सल्लाहकार**
श्री खेम बहादुर पाठक

**संरक्षक**
श्री जलन कुमार शर्मा

**सम्पादक**
श्री झलेन्द्र भट्टराई
श्री हरि मञ्जुश्री

**प्रकाशक**
साना किसान विकास बैंक लि.
सुविधानगर, तिनकुने, पो.ब. नं. २१९५६, काठमाडौं
फोन नं. ०१-४१११८२८/४१११७५२
फ्याक्स ०१-४४१११९०१
Email: editorial@skbbl.com.np

# सम्पादकीय

## सम्मान छ विशिष्ट अगुवाहरूलाइ

न्यून आर्थिक स्तर भएका र वञ्चितीकरणमा परेका नेपालका ग्रामीण साना किसानहरूको आर्थिक र सामाजिक उत्थानका लागि आवश्यक प्रविधि हस्तान्तरण, सीप विकास, सशक्तीकरण र वित्तीय सेवालाई एकीकृत एवं समुहगत रूपले यो वर्गमा पुऱ्याउन स्थानीय तहमा संस्थागत विकास गर्ने उद्देश्यले साना किसान विकास कार्यक्रम सञ्चालन भएको हो । समग्र ग्रामीण विकासका यस्ता उपकरणहरू एकीकृत र समूहगत रूपमा प्रयोग गरिएको सम्भवतः यो नै नेपालको पहिलो ग्रामीण विकास प्रयास हो ।

आजभन्दा ३७ वर्षअघिको नेपालमा यस प्रकारको कार्यक्रमको अवधारणा कोर्ने र त्यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने अग्रज एवं सर्जकहरू सदैव स्मरणीय र आदरणीय रहनुहुनेछ । साना किसान विकास अभियानको खाका कोर्ने, त्यसको अगुवाइ गर्ने र निरन्तरता दिने सम्पूर्ण अभियन्ताहरूलाई अन्तरहृदयी सम्मान छ। साना किसान विकास अभियानको इतिहासका यस्ता थुप्रै महत्वपूर्ण व्यक्तित्वहरूको श्रद्धा र सम्मान हुने संस्कृतिको विकास गर्न सकियो भने गरिबी निवारणको अभियानलाई अझ उचाइमा पुऱ्याउने यात्रामा पछिल्ला पुस्ताहरूलाई थप ऊर्जा एवं प्रेरणा प्राप्त हुने कुरामा हाम्रो विश्वास रहेको छ ।

साना किसान विकास अभियानका विभिन्न कालखण्डहरूमा विशिष्ट योगदान पुऱ्याउने विशिष्ट व्यक्तित्वहरूको सङ्ख्या ठूलो छ र उहाँहरू सबै नै हाम्रा लागि अनुकरणीय हुनुहुन्छ । त्यस्ता महान् व्यक्तित्वहरूको सम्मान गर्ने कुरा ज्यादै महत्वपूर्ण हुँदाहुँदै पनि एकैपटक एकै थलोमा आमन्त्रण गरी सबैलाई सम्मान र अभिनन्दन गर्ने कार्य सहज छैन । तर यस सम्मान कार्यक्रमको सुरुवात हुनु भने आवश्यक थियो । साना किसान विकास बैङ्कले एघारौं वार्षिकोत्सवको अवसरमा त्यस्ता विशिष्ट योगदानदाताहरूको सम्मान र अभिनन्दन गर्ने शुभकार्यको आरम्भ गरेको छ ।

यस द्वैमासिकले यस अङ्कमा साना किसान अभियानका केही त्यस्ता ग्रामीण अगुवा साना किसानहरूको कथा पनि प्रस्तुत गर्ने जमर्को गरेको छ, जसले लगनशीलता र मिहिनेतका कारण आफू उदाहरण बनेर आफूजस्तै साना किसानहरूको सबल नेतृत्व गर्दै आएका छन् । मानिस ठूलो र सानो हुँदैन, उसको कर्मले सामाजिक कदको लेखाजोखा गर्दछ । यो अङ्क त्यही उचाइ छुने सम्पूर्ण साना किसान अभियन्ताहरूमा समर्पित छ ।

# साना किसानका प्रेरक व्यक्तित्व अविनन्द गिरी



श्री अविनन्द गिरी आफ्नो चिया बगानमा

वि. सं. १८०० ताका अविनन्द गिरीका जिज्यूबाबु काठमाडौँछेउको दहचोक भन्ने ठाउँबाट गुजाराका निम्ति घुम्दै इलाम जिल्लाको समाल्बुङ भन्ने ठाउँमा आइपुगेका थिए । दुर्गम पहाडी भेगमा जीवन अझ कष्टकर भएपछि उनी दार्जिलिङको टर्जम टी-इस्टेटमा काम गर्न पुगे । असल व्यवहारका गिरीको कामबाट प्रभावित भई अङ्ग्रेज बाबुसाहेबहरूले उनलाई सरदारी पदको जिम्मेवारी दिए । आफूमा पक्कै कुनै खुबी भएर नै अङ्ग्रेजले त्यत्रो जिम्मेवारी दिएको र त्यो खुबी आफ्नै देशमा प्रयोग गर्दा अझ उन्नति हुन सक्ने महसुस गरी उनी पुनः इलामको श्रीअन्तु भन्ने ठाउँमा आए । खोरिया फाँडेर परम्परागत कृषिपेसामा लागेका गिरीका पाँचभाइ छोरामा सो जग्गा बाँड्दा अविनन्द गिरीका बाजे लाई ७०० रोपनी भाग परेछ । बाजेका सातभाइ छोरामा अंश हुँदा बाबुको भागमा ८१ रोपनी र बाबुका चारभाइ छोरालाई २०४१ सालमा अंशबन्डा गर्दा आफ्नो भागमा केवल २० रोपनी डाँडो जग्गा परेपछि गुजाराका लागि आफूले ज्यालामजदुरी गरेको र घोडा खेप्ने कामसम्म गरेको अविनन्द गिरी बताउँछन् ।

> **चिया खेति व्यवसायबाट २८ वर्षमा आफ्नो २० रोपनी जग्गा ६०० रोपनी बनाउन सफल एक परिश्रमी किसानको कथा**

भुटेको मकै र ढिँडो खाएर १५ माइल टाढा दार्जिलिङको मिरिक भन्ने ठाउँमा गई हाइस्कुलसम्मको अध्ययन गरेका गिरीले चियालाई आफ्नो पेसा बनाउने अठोट गरे । २०४१ सालतिर आफ्नो २० रोपनी जग्गा पूरैमा चिया रोप्ता गाउँलेहरूले कसैले आफूलाई सन्काहा र कसैले बिग्रने भो भनेर चिन्ता गरेको कुरा सम्झँदै गिरी भन्छन् – "तर मलाई यो थोरै जग्गाबाट धेरै कमाउने बाटो चाहिएको थियो, जुन परम्परागत कृषिबाट सम्भव थिएन । जोखिम त थियो, तर ज्यालामजदुरी गर्ने क्रममा इन्डियामा चिया बगानको अनुभव सँगल्न पाएकाले म चियामै सफल हुन सक्छु भन्ने विश्वास पनि थियो ।"

कृषि विकास बैंकबाट साना उत्पादकको लागि Out growers tea programming कार्यक्रम वि.सं. २०४२ तिर शुरु भएपछि चिया खेतीमा श्री गिरीले वित्तिय तथा प्राविधिक सेवा प्राप्त गर्न थाले । अझ २०४३ सालमा साना किसान विकास आयोजना स्थापना भएपछि गिरीलाई चिया रोपण गर्न र विस्तार गर्न प्राविधिक तथा कर्जाको सहयोग आफ्नै थलोमा प्राप्त हुन थाल्यो । साना किसान सहकारी



चियाको हरियो पत्तिलाई वेदरिङ्ग टफमा राखेर ओइलाइन्छ

संस्था लि. श्रीअन्तु इलामको समूह नं. ३ का सदस्य गिरीले रोपणको ४ वर्षपछिदेखि नै चियाबाट राम्रो आमदानी लिन आरम्भ गरे । आफ्नै पारिवारिक श्रमका भरमा गरिने चियाखेतीको आम्दानीबाट प्रत्येक वर्ष २०/३० रोपनी जग्गा किन्दै गए । "मैले पेटभर खाएँ-खाइनँ, तर चियाबगान बढाउनेबाहेक कुनै सपना नै देखिनँ । २०६३ सालसम्ममा आइपुग्दा त मेरो झन्डै ६०० रोपनी जग्गा भइसकेको थियो । सबैमा चिया रोपेको छु ।" – गिरी गर्वले बताउँछन् । ५०/६० रोपनीसम्म आफ्नै परिवारको श्रमले पुगे तापनि त्यसपछि गिरी अरूलाई समेत रोजगारी दिन सकेको बताउँछन् ।

गिरीले २०५३ सालमा गाउँका र काठमाडौँका गरी २२ जनासँग मिलेर श्रीअन्तु टी इन्डस्ट्री नामबाट चिया प्रशोधन उद्योग स्थापना गर्न सहयोग गरे । दैनिक ४००० केजी हरियो चिया प्रशोधन गरी ८०० केजी तयारी चिया उत्पादन गर्ने सो उद्योगले आफूलगायत सबै गाउँलेको चिया प्रशोधन गर्न नसकेपछि गत वर्ष उनले श्रीअन्तु गोर्खा घरेलु चिया उद्योगको नामबाट निजी सानो प्रशोधनशाला स्थापना गरेका छन् । दैनिक २५० केजी हरियो पत्ती प्रशोधन गरी ५० केजी तयारी चिया उत्पादन क्षमताको सो उद्योगबाट उत्पादित चिया उनी बेलायतमा बिक्री गर्छन् ।

आफ्नो चिया बेलायतमा बिक्री हुन सकेको कारण बताउँदै गिरी भन्छन् – "विदेशका मानिसहरू स्वास्थ्यप्रति अति संवेदनशील भएकाले अर्गानिक चियामा विश्वास गर्छन् । साथै चियाका पारखी अङ्ग्रेजहरूलाई हामी गुणस्तरमा झुक्याउन सक्तैनौँ । तर चियाको गुणस्तरको ५०% जिम्मेवार पत्ती टिप्ताको अवस्था नै हुन्छ । तसर्थ मैले आफ्नो निश्चित जग्गालाई अर्गानिक बनाएको छु र पत्ती टिप्ता गुणस्तरमा एक रत्ति पनि सम्झौता गर्दिनँ । मैले एक दिन लापरवाही वा नचाहिँदो लालच गरेँ भने मेरा भावी पुस्ताको बजार पनि चौपट हुन्छ भन्ने मलाई थाहा छ ।"

पत्तिको छनोटदेखि प्रशोधनसम्म प्रत्यक्ष आफ्नो निगरानी राख्न परिवारका सबै सदस्यहरू अहोरात्र मिहिनेत गर्ने गर्छन् । आफ्नो फ्याक्ट्रीबाट मात्र वार्षिक १० हजार केजी तयारी चिया उत्पादन गरी बिक्री गर्ने गिरीको अहिले वार्षिक २० देखि २५ लाखसम्मको आम्दानी छ । त्यति मात्र होइन, २६ वर्षअघि अरूको ज्यालामजदुरी गर्नुपर्ने अवस्थाका गिरी अहिले ६५/७० जनालाई रोजगारी दिन सफल भएका छन् ।

आफ्नो भावी योजनामा गिरी बताउँछन् – "आफ्नो सानो कारखानाको क्षमता बढाएर ५००० केजी दैनिकसम्म पुऱ्याउने, १०० भन्दा बढीलाई रोजगारी दिने, श्रीअन्तुको रमणीयतालाई यस भेगकै सम्पत्तिका रूपमा विकास गरी पर्यटन-गन्तव्यका रूपमा चिनाउने, आफ्नो जग्गा दिएर भए पनि स्थानीय स्वास्थ्यचौकी, प्रहरीचौकी र साना किसान सहकारी संस्थालाई आत्मनिर्भर र दिगो बनाउने सपना छ । हेरौँ, कति गर्न सकिन्छ । बोलेर गर्न नसक्नुभन्दा पहिले गरेर पछि बोल्नु ठीक हुन्छ होला ।"

अहिले ५० करोडभन्दा बढीको सम्पत्ति आकलन गर्ने गिरी साना किसानहरूले सधैं सानो छु भन्ने हीनताबोध पाल्न नहुने, एकैचोटि ठूलो भाग ताक्न नहुने, संसारको कुनै पनि काम सानो-ठूलो नहुने भएकाले धैर्य, सीप र मिहिनेत गर्न छोड्न नहुने बताउँछन् । "हामी साना किसानहरूको शक्ति नै सङ्गठन हो । एक्लाएक्लै लड्न गरिबलाई कठिन हुन्छ । साना किसान सहकारी संस्थालाई हामीले शक्तिका रूपमा निर्माण गरेका हौं ।" उनी गर्वका साथ बताउँछन् ।

"कमाएर मात्र पनि केही हुँदैन, हामीले सम्पत्तिको सदुपयोग गर्न जान्नुपर्छ, हाम्रो लगानी भनेको सन्तानको शिक्षा हो, शिक्षाले नै गरिबी हटाउँछ र देश बनाउँछ" भन्ने गिरीका एक छोरा अमेरिकामा मास्टर्स गर्दैछन् भने छोरीले बेलायतबाट भर्खरै एम. बी. ए. सकेकी छन् । कान्छो छोराले झापाबाट भर्खरै बी. बी. एस. सकी बाबुको काममा साथ दिँदैछन् ।

अविनन्द गिरी साना किसानहरूको त्यस्तो प्रेरणास्रोत बनेका छन् जो वास्तवमै अभिनन्दन योग्य छन् ।

*(साना किसान विकास बैङ्क लि. का का. मु. वरिष्ठ प्रबन्धक **झलेन्द्र भट्टराईसँगको** वार्तालापमा आधारित)*



अर्थ मन्त्रालयका सहसचिव श्री बैकुण्ठ अर्याल एवं नेपाल स्वास्थ्य सहकारी केन्द्रीय संघका अध्यक्ष श्री राजेन्द्र पाण्डे सहितको टोली श्री गिरीको चिया कारखानामा

# उद्यमी कृष्णबाबु श्रेष्ठको कथा



मेरो नाम कृष्णबाबु श्रेष्ठ हो । मेरो जन्म २०२४ साल पौष ८ गते गोरखा जिल्ला मनकामना गाविस वडा नं. ९ सिलिङ हटियामा खरले छाएको एउटा छाप्रोमा भएको थियो । म परिवारमा सबभन्दा कान्छो छोरा हुँ । मेरा २ दिदी र १ दाजु हुनुहुन्छ । मेरा बाबा भारतीय आर्मीमा हुनुहुन्थ्यो । म गर्भमा ५-६ महिनाको हुँदा जानुभएका मेरा बाबा अहिलेसम्म पनि फर्किनुभएको छैन । मेरा दाजु पनि म ५ वर्षको हुँदा घर छोडी जानुभयो । आमाको वृद्ध अवस्था र दिदीहरूको विवाह भइसकेका कारणले मैले पढाइलाई भन्दा आयआर्जनलाई महत्व दिनुपर्ने अवस्था थियो । त्यसैले मैले मेरो पढाइलाइ १० कक्षाभन्दा माथि लैजान सकिनँ ।

हाम्रो पाखोबारी मात्र थियो । हामीले दुःख गरेर १ वर्षसम्म गरेको खेतीबाट मुस्किलले ५-६ महिना मात्र खान पुग्थ्यो । बाँकी समय हामी ज्यालामजदुरी गरेर खानुपर्ने अवस्थाबाट जिनतिन दिन काट्तै गयौं । २०४५ सालको ठूलो चाड दसैं मेरा लागि दसाजस्तै भयो । मैले सबै व्यवस्था गर्नुपर्ने थियो । मसँग एक पैसा पनि थिएन । हामी नेवार जातिको भोज खानका लागि चिउरा र मासु नभई हुँदैनथ्यो । मेरा लागि नुन, तेल, जिरा, मसला नै ठूलो भइसकेको थियो । मासुको कुरा त सोच्न सक्ने कुरै थिएन । कहाँको मासु-चिउरा, कहाँको लुगाफाटा, म अत्तालिरहेको थिएँ । मेरा गाउँका एकजना मामा मर्स्याङ्दी जलविद्युतमा सुरुङ खन्ने काम गर्नुहुन्थ्यो । मैले उहाँसँग 'मलाई १ हजार रुपियाँ दिनुस्, तपाईंलाई जुन बारी मन पर्छ त्यही लिनुस्' भनें । उहाँले पनि मेरो दुःख देखेर ३ हल गोरुले जोत्नेजति बारी धितो राखेर १ हजार रुपियाँ दिनुभयो । सोही रकमबाट मैले गाउँसमाजअनुसार दसैं मनाएँ ।

पूर्णिमापछि मर्स्याङ्दीमा कामदार मागेको थाहा पाएँ र त्यहाँ गएँ । त्यहाँ मलाई पनि काम गर्ने मौका मिल्यो । त्यसपछि मलाई साह्रै खुसी लाग्यो । पुरानो हेल्मेट र रोजी बुट लिएर साथीहरूसँगै काममा गएँ । काम सुरुङ खन्ने थियो । मेरो काम सुन्दा आमा डराएर मलाई काममा नजान भनेपछि मैले आमालाई ढाँटेर भित्र होइन, बाहिरको काम हो भनेर काम गरिरहें । मासिक १५०० रुपियाँ आम्दानी भयो । त्यहाँ काम साह्रै अप्ठेरो भएको हुँदा कहिलेकाहीं थाकेर त्यहीं निदाउँथें । एक दिन सुरुङको ढलान भइरहेको थियो, म त्यहीं निदाएछु । सबै ठाउँमा ढलान भइसकेको रहेछ । ढलान मेसिनबाट हुन्थ्यो । सबैतिर ढलान भइसकेपछि मूलगेट मात्र बन्द गर्न बाँकी रहँदा मेरो खोजी भएछ । ममाथि ढलान भइसक्ता पनि म त्यहीं निदाइरहेको रहेछु । त्यहाँका चाइनिजले बिस्तारै घिस्रेर गई मलाई ल्याएछन् र म बाँच्न सफल भएछु । सातौं महिनामा काम सकिएपछि हाम्रो ग्रुप सबै निकालिदिए र म घरमा आएँ ।

२०४१ सालदेखि गोरखामा साना किसान विकास आयोजना लागू भएको थियो । म २०४४ सालको फागुन महिनामा समूहमा प्रवेश गरें । मलाई त्यतिखेर ऋण चाहिए साना किसानमा पाइन्छ भन्ने थाहा थियो । मासिक रु. ५ कल्याणकोषमा जम्मा गर्नुपर्दथ्यो । म समूह नं. ३५ को सदस्य भएँ । मैले त्यति बेला आयआर्जनका लागि काठको व्यापार गर्न सुरु गरेको थिएँ । गाउँको आवादी जग्गाको कुकाठ काटेर लैजाने सोच भयो, तर मसँग पैसा थिएन । हाम्रो ७ जनाको समूह थियो । हाम्रो समूहका ४ जना दाइहरूले मलाई विश्वास गरेर एकजनाले रु. १०,०००।- का दरले ४ जनाले ४०,०००।- झिकिदिनुभयो र मेरो नाममा २०,०००।- रुपियाँ ऋण पाएँ । त्यो पैसाबाट मैले काठ किन्ने र काट्ने काम गर्न थालें । २०४९ सालको कुरो हो, मैले जति छिटो गर्दा पनि काठ समयमा लान सकिनँ । मैले काम गरेको ठाउँ अहिले केबलकार चढेर नदी तर्नासाथको गाउँ थियो । त्यतिखेर त्यहाँ पुल थिएन । मुग्लिनबाट कुरिनघाट पुल तरेर आउनुपर्दथ्यो । आषाढको भेलमा काठ तारें र २ ट्रिप रोडमा उतारी १ ट्रिप बीचमा राखेर म काठमाडौंमा काठ बेच्न गएँ । त्यतिखेर १ ट्रिप उधारोमा र १ ट्रिप नगदमा बेचेर आएको थिएँ । साउन ४ गते बेलुका ठूलो पानी आएर सबै काठ बगाएर लगिदियो । दशा बाजा बजाएर आउँदैन भने जस्तै मेरो पनि दशा लागेजस्तो भयो । म निराश भएर घर फर्कें र काठमाडौं गएर बाँकी रहेको पैसा लिई साना किसानबाट लिएको साथीहरूको नामको रकम पहिले तिरें, आफ्नो नामको मात्र बाँकी राखें ।



श्री श्रेष्ठको पुरानो घर

साना किसानमा समूहको बैठक हुन्थ्यो । बेलाबेलामा तालिम पनि हुने गर्दथ्यो । त्यसै सिलसिलामा मैले पनि २०५० सालमा साना किसानबाट १ हप्ताको नेतृत्व विकास र समूह अगुवाको तालिम पाएँ । त्यहाँ थुप्रै सर, मेडमहरूले पढाउनुभएको थियो । उहाँहरूमध्ये चन्द्रकान्त अधिकारी सरले लिनुभएको कक्षा, उहाँले खोल्नुभएको साना किसान आयो जना तुप्चेको अनुभव र उहाँले लेख्नुभएको 'गरिबतिर फर्कौं' भन्ने पुस्तक मेरो जीवनको मार्गदर्शन बन्न पुग्यो । मलाई सबैभन्दा बढी त्यस पुस्तकमा लेखेको 'किसानको भैंसी मर्नुभन्दा किसान नै मर्नु ठीक' भन्ने शब्दले मेरो मन छोयो । किन ठीक भने को रहेछ भने भैंसी मर्‍यो भने किसानले ऋण तिर्न सक्तैन, घरखेत नै जान्छ, किसान नै मर्‍यो भने त ऋण तिर्ने भैंसीले घरखेत जोगाउँछ भन्ने शब्दले मलाई अझ केही गर्नुपर्दछ भन्ने तुल्यायो । अनि म खासाको व्यापार गर्न थालें । व्यापार त राम्रै थियो तर एकचोटि दसैंनजिक मेरो आधा सामान नै गायब पारिदिए । त्यसपछि मैले त्यो व्यापार छोडिदिएँ ।

मैले साना किसानबाट समूह परिचालन सहयोगी कार्यकर्ताको तालिम पाएँ । त्यो तालिमले मलाई साना किसानमा सामाजिक भावनाको काम गर्न अझ प्रेरित गर्‍यो । २०५० सालमा साना किसान हस्तान्तरण गर्ने कार्यक्रम आयो । त्यस बेला वडा, अन्तरसमूह हुँदै मैले पनि वडा नं. ९ बाट मूल समितिमा सदस्य हुने मौका पाएँ । गङ्गाबहादुर थापा अध्यक्ष हुनुभयो, म सदस्य भएर काम गर्न थालें । उहाँको ३ वर्षको कार्यकाल बित्यो । त्यति बेला संस्थामा राम्रो लगानी असुल हुन सकेन र किसानहरूले भाखा नघाउने काम बढ्न गयो । सो समयमा मैले चैत्र महिनामा भक्तपुरे लोकल काँक्रो खेती गर्न सुरु गरें । सो समयमा मलाई चैत्रमा पनि काँक्रो फल्छ ? यो बहुलायो भन्थे । मैले पनि कत्ति हरेस नखाई काम गर्दै गएँ । साँच्चि नै मेरो मिहिनेतको फल मैले पाउन थालें । काँक्रो राम्रो फल्न थाल्यो । सबै मलाई काँक्रे किसान भन्न थाले । तर विडम्बना, मैले पोखरा, गोरखा, नारायणगढमा पनि काँक्रो को राम्रो बजार पाउन सकिनँ । म निराश भएँ । तैपनि रु. ३०,०००।- कमाउन सफल भएँ ।

अब यो मनकामनामा के काम गर्ने भनेर सोच्न थालें र बजारमा आँबुखैरेनीदेखि मनकामनासम्म भरियाले भारी बोकेर ल्याएको देखी खच्चड किन्ने सोच बनाएँ । त्यसको हिसाबकिताब निकालें र यसबाट राम्रो आम्दानी हुन्छ भन्ने लागेपछि साथीहरूसँग सल्लाह गरें । हामीहरुले साना किसानबाट रु. ६०,०००।- ऋण लिएँ । मेरो एकजना मिल्ने साथीले कोरिया जानका लागि रु. ६०,०००।- जम्मा गरेको थाहा पाएँ । उहाँलाई मैले कोरिया जानबाट रोकें । हामी २ जना मिलेर खच्चड किन्ने निधो गर्‍यौं । एउटा खच्चडको १५ हजार रुपियाँ पर्दथ्यो । सुरुमा त खच्चड छुनै डर लाग्यो । बिस्तारै अरूलाई भारी राख्न लगाएर आफूले धपाएर ल्याउन सकें । खच्चडको काम थप्तै जाँदा २० खच्चड बनाउन सफल भएँ । खच्चडको मूल्य पनि बढ्दै गयो ।




सम्माननीय प्रधानमन्त्री बाबुराम भट्टराईज्यूको प्रमुख आतिथ्यमा सञ्चालन भएको मनकामना मन्दिर जिर्णोद्वार शुभारम्भ कार्यक्रम सञ्चालन गर्दै श्री श्रेष्ठ

त्यसबाट मैले ७ लाख रुपियाँ कमाउन सफल भएँ । एकचोटि पृथ्वी राजमार्गमा खच्चड हिँडाउँदै गर्दा गाडीले मेरा ४ वटा खच्चड आँबुखैरेनीनजिक हानेर मारिदियो । तर मैले बस व्यवसायीसँग खच्चडको ८०,००० क्षतिपूर्ति लिएँ । त्यस बेला मलाई किसानको भैंसीको पनि बीमा गरेको खण्डमा भैंसी मरे पनि घरखेत जाँदैनथ्यो भन्ने लाग्यो । २०५२ सालमा मैले प्रेमविवाह गरें । त्यसैले मलाई घरबाट निकाला गरियो । मैले रु. १०,००० ऋण लिएर घर भाडामा खोजी मनकामना बजारमा होटल व्यवसाय सुरु गर्न थालें । २०५३ सालमा म निर्विरोध रूपमा साना किसानको अध्यक्ष पदमा छनोट भएँ ।

२०५४/१२/३० गते संस्था हस्तान्तरण गरेर लिइयो । त्यस बेलामा साना किसानहरू धमाधम जलाउने क्रम थियो । मेरो काँधमा ठूलो जिम्मेवारी आएको थियो । त्यो बेलामा संस्था बचाउने र सबैलाई यो हाम्रो हो कृषि विकास बैङ्को होइन भन्ने विभिन्न कुराहरूबाट उत्प्रेरणा जगाउन थालें। गाउँगाउँमा गएर सेयर किन्न लगाएँ । नाफा, घाटा सबै हाम्रै हुने यो संस्था हाम्रै हो भन्ने भएपछि सबैलाई बचत सङ्कलन गर्नमा उत्प्रेरणा जगाउन थालें । धादिङको छत्रे-देउरालीमा कसरी कारोबार भएको रहेछ भन्ने जान्न त्यहाँ गएर केही कुराहरू सिकेर आएँ । पछि सबै साथीहरूसँग सल्लाह गरी दैनिक बचतको काम सुरु गऱ्यौ । यसबाट संस्थामा फन्डको अभाव कम कुन थाल्यो । साना किसान विकास बैङ्कमा हस्तान्तरण भएपछि पोखरा इलाका कार्यालयबाट हामीले कारोबार गर्न थाल्यौं । त्यसपछि हामीलाई रकमको अभाव-भेल्नुपरेन ।



श्री श्रेष्ठको नयाँ घर तथा होटल

मैले संस्थामा दौडधुप गर्दा पनि खच्चड व्यवसाय छोडेको थिइनँ । सिजनअनुसार कुखुरा र परेवाको पनि होलसेल व्यापार गर्ने गर्दथें । मेरो होटेल व्यवसाय र खच्चडको व्यवसाय बिस्तारै फस्टाउँदै जान थाल्यो । २०६४ सालमा मनकामना बजारमा एउटा घडेरी किन्न सफल भएँ । त्यतिखेर मसँग जम्मा १ लाख रुपियाँ मात्र थियो । साना किसानबाट रु ५००,०००।- ऋण लिएँ । मसँग बाँकी भएको १३ वटा खच्चड पनि बेचेँ र त्यसबाट रु. ५,८५,०००।- आम्दानी गर्न सफल भएँ । होटल व्यवसाय पनि राम्रोसँग चल्दै गयो । ऋणपान, साथीभाई गरेर २५ लाख जति खर्च गरी घर बनाएँ ।

अहिले त्यसलाई रु. ८०,००,०००।- मूल्य पर्छ । मसँग अर्को २५ लाख पर्ने घडेरी पनि छ । होटल पनि राम्रोसँग फस्टाएको छ । मैले मेरो पैतृक सम्पत्ति केही पनि चलाएको छैन । मेरो नाममा अहिले एक पैसा पनि ऋण बाँकी छैन । साना किसानको प्रेरणाले गर्दा हिजोको दसैंखर्च धान्न नसक्ने अवस्थाबाट आज करोडौंको कुरा गर्न सक्ने भएको छु । मैले आफ्नो व्यवसायमा बिस्तारै परिवर्तन गरेजस्तै संस्थाको व्यापारमा पनि परिवर्तन भएको छ । साना किसानमा अध्यक्ष हुँदा असुलीदर कति छ भनेर सोध्दा मुन्टो लुकाएर १२ प्रतिशत भन्नुपर्ने को अवस्थाबाट आज छाती फुकाएर १०० प्रतिशत असुलीदर भन्न सक्षम भएका छौं । साना किसान विकास बैङ्क र केन्द्रीय सङ्घको सहयोगमा संस्थाको व्यावसायिक योजना चलेको छ । यस संस्थाका साना किसानहरूले व्यावसायिक योजनाअनुसार बाख्रापालन, कुखुरापालन, फूलखेती गर्नुभएको छ । कतै खाली जग्गा हुनासाथ फूलको बिरुवा रोप्न थालिएको छ । व्यावसायिक योजनाअनुसार भिजन बोकेका किसानहरूलाई ऋण लगानी गर्न पाउँदा संस्थाले पनि ऋण सुरक्षित भएको महसुस गर्न थालेकोछ । अहिले संस्थामा ९०० जना सदस्य हुनुहुन्छ । रु ३ करोड ५५ लाख लगानीमा छ ।

साना किसान सहकारी संस्थामा प्रवेश गरेर मेरा अग्रज शुभचिन्तकहरू आदरणीय चन्द्रकान्त अधिकारी, खेमबहादुर पाठक, रुद्र भट्टराई, जलनकुमार शर्मा, शिवराम कोइराला, फलेन्द्र भट्टराई, भोजराज भण्डारी, विशाल तुलाधरहरूको प्रेरणाले गर्दा नै आज म एउटा सफल उद्यमी र सफल अध्यक्ष बन्न सफल भएको छु । साना किसान सहकारी संस्थाले गर्दा आज म आर्थिक, पारिवारिक र सामाजिक हिसाबले पनि माथि उठेको मलाई आभास भएको छ । आज एउटा पक्षमा मात्र होइन, सबै पक्षमा सम्पन्न भएको महसुस गर्ने अवसर जसले दियो, त्यो साना किसान सहकारी संस्था नै हो । जसले आज मलाई संस्थाको नेतृत्वका



श्रीमतीका साथ श्री श्रेष्ठको आफ्नै होटलमा

रूपमा रही समाजमा एउटा परिवर्तन ल्याउनुपर्ने जिम्मेवारी सुम्पिएको छ, त्यसको जिम्मेवारी पूरा गराउने कार्यमा दिनरात लागिपरेको छु । म अन्य साना किसान सदस्यहरूलाई पनि के भन्न चाहन्छु भने म जुन सङ्घर्षका साथ अगाडि आइपुगें, त्यसरी नै मिहिनेती र इमान्दार भएर संस्थाको नियम-कानुन र अग्रज शुभचिन्तकको सुझाव पालना गरेर अगाडि बढ्नुभयो भने अवश्य पनि तपाईहरूको जीवनमा सकारात्मक परिवर्तन आउनेछ । संस्थामा आबद्ध नभएका साना किसानहरूलाई पनि म एउटा संस्थाको अध्यक्षको हैसियतले भन्दा पनि सङ्घर्षशील किसानले भोगेका अनुभवहरूको आधारमा सुझाव दिन चाहन्छु – तपाईहरूकै घर आँगनमा रहेको र तपाईहरूको सेवाका लागि स्थापित साना किसान सहकारी संस्थाको एउटा कर्मठ र इमानदार सदस्य बनाउनुहोस् र त्यसबाट आवश्यक सेवा लिई आफ्नो तथा छिमेकीको आर्थिक स्तरलाई माथि उठाउनुहोस् ।

(साना किसान विकास बैङ्क लि. केन्द्रीय कार्यालयका श्री **कृष्णमाया सुवेदी** लाई श्री श्रेष्ठले पठाउनुभएको आत्मा वृतान्तको सम्पादित अंश)

# नमुना अगुवा खिलनारायण श्रेष्ठ



श्री श्रेष्ठको गाँउ र तरकारी खेती

सक्षम मानिस अरूलाई दोष दिएर र भाग्यलाई सरापेर बस्तैन, आफूअनुकूल वातावरण आफैँ बनाउँछ। म यो गर्न सक्तिनँ वा यस्तो बन्न सक्तिनँ भनेर हीन भावनामा डुब्नेले सफलता हासिल गर्न सक्तैन । सफल त्यो हुन्छ जो आफूले नसक्ने जस्तो काम पूरा गरेर देखाउँछ। यस्तै व्यक्तिमध्ये एक हुन् खिलनारायण श्रेष्ठ जो कुम्पुर - ७ धादिङको गरिब परिवारमा हुर्केर आदर्श माध्यमिक विद्यालय गजुरीबाट एसएलसीको पढाइ पूरा गरी नेपालका एक व्यावसायिक कृषक बन्न सफल भए। पेसामा लगनशीलता, सीपको हस्तान्तरण र सेवामा समर्पित हुने कुनै पनि व्यक्ति असफल हुनै सक्तैन भन्ने जिउँदो उदाहरण खिलनारायण श्रेष्ठको जीवनी जोकोहीका लागि उदाहरणीय हुन सक्छ।

रूखको टुप्पामा फल लागेको बेला सबैले फल मात्र देख्छन्, तर त्योरूख बन्नका लागि बीउ, बिरुवा हुँदै सङ्घर्ष गर्दाको इतिहास कसैले देख्दैनन्। हरेक सफलताको पछाडि कठिन सङ्घर्ष गरेको पाइन्छ। यस्तै परिस्थितिको बीचबाट हुर्केका खिलनारायणको बाल्यकालबारे अहिले उनलाई हेर्दा जे देखिन्छ त्यसका आधारमा अनुमान लगाउने हो भने सोह्रै आना झूट हुन सक्छ।

आमाले पूजा गर्दा पालामा बाल्ने गरेको बत्तीको उज्यालोमा पढ्ने गर्थे खिलनारायण। अरूले जस्तो चामलको भात खानु उनको घरमा विलासिताको खाना हुने गर्थ्यो । बाल्यावस्थाबाट किशोरावस्था हुँदै युवावस्थासम्म आइपुग्दा पनि खिलनारायणको आर्थिक अवस्था त्यस्तै थियो। उमेरअनुसार इच्छा र आकाङ्क्षा बढ्दै थियो, पढाइ अगाडि बढ्दै थियो तर अभाव उस्तै थियो। पढाइखर्च जुटाउन नसकेकाले एसएलसीपछि उनको पढाइमा पूर्णविराम लाग्यो। उनका एक भाइ र तीन बहिनी छन् । आफू पढ्ने कि भाइबहिनीहरूलाई पढाउने भन्ने कठिन अवस्थाको सिर्जना भएकाले पैसा कमाउनका लागि उनी २०४९ देखि २०५० सालसम्म भारतको नयाँ दिल्लीमा ज्यालामजदुरी गर्न पुगेका थिए। त्यसै गरी २०५१ देखि २०५२ सम्म काठमाडौँमा मजदुरी गरे । ठूला सहरहरूमा समेत पैसा कमाउन नसकेपछि पुनः २०५३ सालमा गाउँतिर फर्के । त्यतिखेर गाउँमा रोजगारी पाइने अवस्था थिएन । उनको पढाइ एसएलसी मात्र भएकाले बल्लबल्ल बागबछला मा. वि. कुम्पुर - ८ चेकवाङमा जागिर भेट्टाए, त्यो पनि निजी स्रोतको शिक्षक महिनाको रु. १,८०० मात्र पाइने। शिक्षण पेसाकै क्रममा केही दिन बिरामी हुँदा त्यो जागिरबाट पनि हात धुनुपर्‍यो । उनलाई पर्नुसम्म पीर पर्‍यो। जागिरका लागि प्रायः सबै दिन कुदिरहे, पुलिस र आर्मीको जागिर खानको लागिसमेत आधा दर्जनभन्दा बढीपटक प्रयास गरे तर सफल भएनन् । पुनः शिक्षककै जागिर २०५४ मा पाए, त्यो पनि स्वंयसेवक शिक्षक, महिनाको मात्र रु. १,५०० पाइने। घरको पारिवारिक अवस्था साह्रै नाजुक रहेकै कारण सो जागिरमा लगभग डेढ वर्ष बिताउन बाध्य भए।

**ईश्वरले मानिसलाई समय बराबर दिएको छ । संसारका हरेक व्यक्तिसँग २४ घन्टाभन्दा एक सेकेन्ड न बढी न कम हुन्छ र त्यसको सदुपयोगले जीवन सफल बनाउँछ**

एक दिन आदमघाटबाट बैरेनी जाने काम पर्‍यो। सो दिन उनीसँग पैसा थिएन। गाडीभाडाका लागि साथीभाइसँग दुई रुपियाँ सापटी माग्दा कसैले पनि पत्याएनन् । सो दिन किन बाँचेछु जस्तो उनलाई लाग्यो । उनी हिँडेरै आदमघाटबाट बैरेनी पुगे। त्यस रात उनलाई निद्रा लागेन। सोही रात उनले जागिर छोड्ने कसम खाए। घरमा फर्कनेबित्तिकै आमाबुबा र भाइबहिनीहरूसँग सल्लाह गरी सफल कृषक बन्ने अठोट गरे र जिन्दगीमै जागिरको पछाडि नदगुर्ने निर्णय लिए।

उनका बहिनेज्वाइँ भक्तबहादुर श्रेष्ठ साना किसान सहकारी संस्था लि. कुम्पुरमा सहयोगी कर्मचारी थिए । कृषिका लागि आफूसँग आर्थिक अभाव भएको कुरा ज्वाइँलाई सुनाउँदा उनले साना किसान सहकारी संस्थाबाट कारोबार गर्न सकिने कुरा बताए । २०५७ साल वैशाख महिनामा समूह नं. ७५ मा आबद्ध भई असोज महिनामा रु. १५,०००।- कर्जा लिएर उनले तरकारी खेती सुरु गरे। त्यही वर्ष झन्डै रु. ६०,०००।- कमाउन सकेपछि उनको उत्साह झन् बढ्यो, संस्थाप्रति आस्था र विश्वास पनि बढ्यो । यो संस्था नै गाउँलेको आफ्नो घर रहेछ, यसमा आफूले पनि केही योगदान गर्नुपर्ने रहेछ भन्ने लागेर उनी २०५९ सालमा संस्थाको सञ्चालक सदस्य बन्न पुगे। २०६८ साल पुस महिनामा उनी संस्थाको अध्यक्ष भए । हाल उनको संस्थाको असुलीदर १००% छ भने पौने ७ करोड रुपियाँजति लगानी पुगेको छ। १२३३ परिवार सदस्य रहेको उनको संस्थाका धेरै सदस्य तरकारी खेती गर्दछन् । त्यहाँको पशुपालन व्यवसाय पनि फस्टाएको छ। यस गा. वि. स. ले मात्र वार्षिक ५०० ट्रकभन्दा बढी तरकारी बिक्री गर्छ। उनी भन्छन्, "हामीले धेरै हदसम्म गाउँलाई आत्मनिर्भर बनाउन प्रयास गरेका छौँ।"

उनले आफ्नो कामलाई कहिल्यै बोझ ठानेनन् । करिब १३ वर्ष सोही काममा बिताउँदा पनि उनमा कामप्रतिको जोस र जाँगरमा कमी भएन । उनी गर्नुपर्ने कामको तालिका बनाई समयको व्यवस्थापन गर्छन्। उनी भन्छन् – ईश्वरले मानिसलाई समय बराबर दिएको छ । संसार का हरेक व्यक्तिसँग २४ घन्टाभन्दा एक सेकेन्ड न बढी न कम हुन्छ र त्यसको सदुपयोगले जीवन सफल बनाउँछ । यही कुरालाई हृदयङ्गम गरी उनी हाल कृषिमा मात्र नभई लगभग ८ वटा सङ्घसंस्थाहरूमा महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिरहेका छन् । ती हुन् – पञ्चकन्या प्रा. वि. कुम्पुरको विद्यालय व्यवस्थापन समितिको सदस्य, जालपा नि. मा. वि. कम्पुरको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, कुम्पुर उपस्वास्थ्य चौकीको व्यवस्थापन समितिको सदस्य, पाखे-भैँसे ग्रामीण सडक उपभोक्ता समितिको अध्यक्ष, भैँसे, पोखरी, धारपानी, हात्तीसोडा ग्रामीण विद्युतीकरण उपभोक्ता समितिको




करेसाबारीमा साथीको साथमा श्री श्रेष्ठ

कोषाध्यक्ष, बाह्रमुरे दोबरे सामुदायिक वन उपभोक्ता समितिको सहसचिव, कालिका सामुदायिक विकास समूहको सचिव र साना किसान कृषि सहकारी संस्था लि. कुम्पुरको अध्यक्ष ।

उनी भन्ठान्छन् – सहकारीको समस्या भनेको सहकारी शिक्षाको समस्या हो र यो तबसम्म समाधान हुन सक्दैन जबसम्म सम्पूर्ण सेयर सदस्य साक्षर हुँदैनन् । साक्षरता नै जनचेतना विकासको मूल जरो हो । यसका साथै उनको विचारमा कृषकहरूको आर्थिक विकासविना सहकारीको विकास हुन सक्दैन । उनले गाउँमा १७ रोपनी जग्गा र गजुरी बजारमा ८ आनाको घडेरी जोडेको खुसी व्यक्त गर्छन्, साथै गजुरी बजारमै ४ कोठाको एकतले घरसमेत निर्माण गरिरहेका बताउँछन् । सो घरमा मात्र लगभग १५ लाख खर्च लागेको सुनाउँछन् । उनले गाउँमा पनि नयाँ घर बनाइसकेको खुसियाली व्यक्त गर्छन् । उनको घरमा हाल २५ वटा बाखा, ३ वटा गाई, २ वटा गोरु, ८ वटा भैँसी र केही कुखुराहरू रहेका छन् । कूल २५ रोपनी जग्गामध्ये लगभग १५ रोपनी जग्गामा मौसमअनुसारको तरकारी खेती र बाँकी जग्गामा धान र मकैखेती गरेको सुनाउँछन् । उहाँका सम्पूर्ण परिवारहरू मिहिनेती भएकै कारणले गाउँका अन्य कृषकको बालीभन्दा उहाँको बाली राम्रो भएकोमा गर्व गर्छन् । सम्पूर्ण खेती तथा पशुपालन व्यवसायबाट भएको आम्दानीमा खर्च कटाएर लगभग ७ लाख वार्षिक नाफा भएको सुनाउँछन् । उनले १० वर्षको अन्तरालमा करिब ८० लाखको सम्पत्ति जोड्न सकेकोमा गर्व गर्छन् । उनी गाउँबाट गजुरी बजारसम्म ३ घन्टा हिँडेर आफैं पनि डोकोमा तरकारी बोकेर पुऱ्याउँछन् । एकजनाले लगभग ७५ किलोग्रामसम्मको तरकारी बोकेर ३ घन्टा हिँडेर गजुरी पुऱ्याएको दिनचर्या सुनाउँदा कसलाई दुःखको आभास नहोला र ? उनका बुबाको भनाइअनुसार छोराहरूको कमाइबाट आफू सन्तुष्ट रहेको र छोराहरूलाई वैदेशिक रोजगारमा नपठाउने स्वीकार्छन् । तरकारीमा बढीजसो काँक्रो, गोलभेडा, लौका, करेला, घिउसिमी, चिचिन्डा, काउली, मुला र ब्याज उत्पादन हुने गरेको बताउँछन् ।



श्री श्रेष्ठको घर

उनी अहिले अध्यक्ष रहेको सहकारी संस्थामा १२०९ सदस्य रहेको बताउँछन् । त्यस संस्थामा २ करोड ७५ लाख ६० हजार आफ्नै संस्थाको पुँजी रहेको साथै संस्थाको कूल लरर ६ करोड २० लाख १६ हजार पुगेको सुनाउँछन् । अगामी दिनमा श्रेष्ठ आफैं के गर्नेछन् भनी सोध्दा उनी सहकारी संस्थालाई अगाडि बढाउँदै नयाँ पुस्तालाई सचेत गराउने खालका सहकारिताको भावना विकास गराउने कार्यक्रमहरू सञ्चालन गर्ने सोचाइमा रहेछन् । अझै पनि थुप्रै काम गर्न नसकिरहेको बताउँदै उनी भन्छन् - महिला साक्षरतावृद्धिमा हामीले बढी ध्यान पुऱ्याउनुपर्छ । यसो गर्न सकियो भने त्यसको जति सकारात्मक असर समाजमा अरू खालको लगानीले पुऱ्याउँदैन । त्यसै गरी उनले थपे, समस्या आयो भने मेमा नयाँ जोस आउँछ, अनि त्यसलाई तुरुन्त सुल्झाउन मन लाग्छ । त्यसरी सुल्झाएपछि एक किसिमको पिस अफ माइन्ड हुन्छ र फेरि अगाडि बढिन्छ । आफू निराश भएको बेला साथीभाइ र परिवारले हामी छौँ मात्र भनिदिँदा पनि त्यसले धेरै ऊर्जा दिने उनको अनुभव छ । खास गरी सुरुसुरुमा बच्चा सानो छँदा परिवारलाई पटक्कै समय दिन नसकेको अवस्थामा श्रीमतीले सबै पारिवारिक जिम्मेवारी आफैं सम्हालिदिएर सहयोग गरेकाले नै आफू अगाडि बढ्न सकेको श्रेष्ठ सम्झन्छन् । उनी धर्ममा आस्था राख्छन् र भगवान्लाई आफ्नो प्रेरक स्रोतका रूपमा लिन्छन् । उनको विचारमा भगवान्ले त भूल गर्दै सिक्दै अगाडि बढेको पाइन्छ भने मान्छेले पनि आफ्नो भूलबाट पाठ सिक्दै अगाडि बढ्न हिचकिचाउनु हुँदैन ।

आफ्नो जीवनको सफलताको मुख्य कारण आफ्नो परिवारलाई ठान्ने श्रेष्ठको निष्कर्ष छ भने सफल जीवनका निम्ति सफल परिवारको आवश्यकता पर्दछ । उनी हिलोमा उम्रेको कमलको फूलझैं गरिबीको हिलोबाट उठेर सम्पन्नतामा पुगेको श्रेय साना किसान सहकारी संस्था लि. कुम्पुरलाई नै दिन्छन् ।



श्री श्रेष्ठको तरकारी खेतीको एक नमूना

*(साना किसान विकास बैङ्क लि. इलाका कार्यालय गजुरीका इलाका प्रबन्धक **शेरबहादुर चौधरीसँगको** कुराकानीका आधारमा)*

# प्रेरणादायी परिश्रमी अनरजीतप्रसाद थारू

लुम्बिनी अञ्चलको रूपन्देही जिल्लामा वि. सं. २०१० सालमा जन्मिनुभएका अनरजीतप्रसाद थारू २०३४ सालमा साना किसान विकास संस्थागत कार्यक्रम टिकुलिगढमा सदस्यका रूपमा प्रवेश गरी हालसम्म निरन्तर रूपमा सक्रिय रहनुभएको छ । संस्थामा प्रवेश गर्नुपूर्व उहाँसँग जम्मा १५ कट्ठा जमिन रहेको थियो भने उक्त जग्गाको आम्दानीबाट ७ जनाको भरणपोषण गर्नुपर्ने थियो। उपलब्ध जग्गाबाट वर्षभरि दुई छाक जोहो गर्न निकै मुस्किल थियो । साना किसान संस्थागत विकास कार्यक्रम टिकुलिगढबाट सामूहिक जमानीमा रु. १०,००० कर्जा लिएर गाउँमा रहेको विद्यालयको जग्गामा माछापालन गर्न पोखरीको निर्माण गरी उहाँ माछापालक किसान बन्नुभयो । उक्त ऋण चुक्ता गर्न एक वर्षको आम्दानीले पर्याप्त भएको र दोस्रो वर्षको आम्दानीबाट परिवारको भरणपोषण सहज भएको अनुभव उहाँसँग रहेको छ ।

वि. सं. २०६० मा साना किसान विकास संस्थागत विकास कार्यक्रम समुदायमा हस्तान्तरण हुँदा श्री थारूलाई अध्यक्ष बनाइयो । उहाँको लगनशीलताका कारण अनवरत रूपमा उहाँ हालसम्म संस्थाको अध्यक्ष भई सेवा गरिरहनु भएको छ । शिक्षाको कमी भएर पनि उहाँको इमानदारी तथा कर्मनिष्ठाको परिणामस्वरूप हाल संस्थाले छिमेकी गाविसमा सेवाविस्तार तथा साना किसान संस्थागत विकास अनुसरण कार्यक्रम सञ्चालन गर्न सफल रहेको छ ।

श्री थारूको व्यक्तिगत अवस्थामा पनि सुधार भएको छ । हाल उहाँसँग २ विघा जग्गा रहेको छ र ११ जना परिवारलाई खान र अध्ययन गर्न पुगेको छ । संस्थाबाट रु. पाँच लाख ऋण लिएर जग्गामा माछापालन गर्न २ विघाको पोखरी बनाउनुभएको छ । पोखरीबाट सम्पूर्ण खर्च काटेर वार्षिक रु. १,५०,०००।- आम्दानी हुने अनुमान गरिएको छ ।

श्री थारूको बुझाइमा साना किसान सहकारी संस्था आफ्नै भएकाले कमाएको पैसा सदस्यहरूमा रहने, थाहा नै नपाई संस्थाको सम्पत्तिको हिस्सेदार बन्ने, अन्य बैङ्कमा ऋण लिन जाँदा समय नष्ट हुने, नक्सा र बिजनेस प्लानको नाममा अनावश्यक रुपमा खर्च बढ्ने तर संस्थामा त्यस्तो कुनै पैसा दिनु नपर्ने, विनाधितो ऋण पाइने, ऋणसँगसँगै साथी, संस्था, बैङ्क र संङ्घमार्फत सीप पनि प्राप्त हुने भएको हुँदा असफल हुने सम्भावना कम हुन्छ । आफूले मिहिनेत गर्न आवश्यक हुने र ऋणको इमानदारीपूर्वक सदुपयोग गरियो भने साना किसानजस्तो अरू केही पनि हुँदैन ।

साना किसान विकास संस्थागत अभियानमा कर्मठ श्री थारूजस्ता हजारौं व्यक्तिहरूको आफ्नै प्रेरणादायक कथाहरू रहेका छन् । उहाँजस्ता निष्ठावान् सदस्य र अमूल्य सहयात्रीहरूले यस अभियानको गौरव बढाएका छन् ।

*(साना किसान विकास बैङ्क लि. केन्द्रीय कार्यालयका प्रबन्धक **श्री कृष्ण अर्यालसँगको** कुराकानीका आधारमा)*

# सञ्चालक समितिका अध्यक्ष खेमबहादुर पाठकको मन्तव्य...

*... पृष्ठ नं १ को बाँकी अंश*

सार्थक भएको हो ।

यस बैङ्कको संस्थापक सेयरधनीका रूपमा नेपाल सरकार, कृषि विकास बैङ्क, नेपाल बैङ्क, नबिल बैङ्क र २१ वटा साना किसान सहकारी संस्थाहरू रहेका छन् । अधिकृत पुँजी रु. २४ करोड र जारी पुँजी रु. २० करोड भएको यस बैङ्कको हाल चुक्ता पुँजी रु. १४ करोड रहेको छ । सेयरधनी साना किसान सहकारी संस्थाहरूको सङ्ख्या हाल २३१ भन्दा बढी भइसकेको छ भने उक्त चुक्ता पुँजीमा संस्थाहरूको सेयरको हिस्सा ५६ प्रतिशत रहेकाले यो बैङ्क नेपालका गाउँमा बस्ने गरिब साना किसानहरूको आफ्नै बैङ्क बन्न पुगेको छ ।

आज यो बैङ्क एघार वर्षको अवधि पूरा गरी १२ वर्षमा प्रवेश गर्दैछ । यस सन्दर्भमा यो बैङ्क नेपालको दुर्गम पिछडिएका ग्रामीण इलाकामा बस्ने गरिब किसानहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउने कार्यमा अग्रसर हुँदै आएको र हुँदै जाने क्रममा रहेको छ ।

बैङ्क भन्नासाथ विशुद्ध वित्तीय कारोवार गर्ने संस्था हुने भए तापनि यस बैङ्कले बिपन्न गरिब किसान एवं उनीहरूले सञ्चालन गरेका संस्थाहरूलाई लघुकर्जा सदुपयोग गर्न सक्ने क्षमताको विकास गर्ने कार्यलाई प्राथमिकता दिँदै आएको छ, जसले गर्दा गाउँमा रहेको संस्थालाई ऋण लगानी गरी ब्याज कमाउने मात्र नभई गाउँका गरिब किसानलाई दीर्घकालीन रूपमा सेवा दिन सक्ने दिगो साना किसान कृषि सहकारी संस्थाको निर्माणमा सघाउ पुग्न गएको छ ।

यो बैङ्क अरू बैङ्कहरूभन्दा फरक प्रकृतिको बैङ्क हो । गाँउका गरिब र चेतनाको स्तर कमजोर भएका मानिसहरू सहरका ठूला बैङ्कमा पुगेर कर्जा माग गर्ने सहजता राख्दैनन् । त्यस्ता बैङ्कका कार्यालयहरूमा छिर्नसमेत उनीहरू हम्मेसी आँट गर्दैनन् । त्यस्ता उपेक्षित र निरीहलाई गाँउमा तिनै गरिब आफैंले निर्माण गरेका सहकारी संस्थामार्फत घरदैलोमा नै लघुवित्तसेवा पुऱ्याउने कार्य यस बैङ्कले गर्दछ ।

यसका अलावा विभिन्न सङ्घ/संस्था एवं नेपाल सरकार समेतबाट सहयोग जुटाई गाउँका संस्थालाई सुदृढ सङ्गठन, सुशासन कायम र दरो वित्तीय सेवा उपलब्ध गराउन सक्षम बनाउन आवश्यक तालिम, गोष्ठी, अवलोकन भ्रमणलगायत भौतिक पूर्वाधार निर्माण तथा सामुदायिक विकासका कार्यहरूमा सहयोग पुऱ्याउँदै आएको छ । यसले गर्दा गाउँमा कसैको सहयोग नपुगे पनि आफैं आफ्नो विकास गर्न सक्षम स्वावलम्बी संस्थाको निर्माण भएको छ ।

अहिलेसम्म त्यस्ता नमुना (मोडेल) का २६३ संस्था निर्माण भइसकेका छन् भने थप ९३ संस्था निर्माण हुने क्रममा रहेका छन् । ती संस्थाले वार्षिक रूपमा सामान्य नाफादेखि रु. ६० लाखसम्म नाफा गर्न सफल समेत भइसकेका छन् ।

अहिले बैङ्कले वार्षिक ७५ वटासम्म थप संस्था निर्माण गर्ने गरी साना किसान अनुसरण कार्यक्रम अगाडि बढाएको छ ।

अन्य ठूला बैङ्कले नाफा गरेमा लगानी गरेको र कमको आधारमा नाफा बाडिन्छ तर यस बैङ्कले नाफा गरे गाउँका किसानमा नै त्यो नाफा रकम पुग्दछ । किनकि यस बैङ्कको सेयरको झन्डै ५६ प्रतिशत रकम साना किसानहरूले नै हालेका छन् ।

साना किसान कृषि सहकारी संस्थाले मुख्य रूपमा गरिब, महिला, दलित र जनजातिहरूलाई केन्द्रित गरी सदस्यता प्रदान गर्दछ । यस्ता सदस्यमा भएको सीप, ज्ञान र क्षमताका आधारमा सुलभ ढङ्गबाट कर्जा उपलब्ध गराई सीप र चाहनाअनुसारको व्यवसाय सञ्चालन गर्ने अवसर प्रदान गरेको छ ।

अरू वित्तीय कारोबार गर्ने संस्थाले ऋणीको आर्थिक अवस्था हेरेर धनीलाई छानेर ऋण तिर्ने सामर्थ्य भएकालाई मात्र लगानी गर्छन् भने हामी ठूला बैङ्क र गाउँका साहुले नपत्याएका गरिबका हातमा लघुवित्तसेवा पुऱ्याउने अभियानमा जुटेका

छौं । यसले गर्दा काम गर्न पुँजी नभएका र बढी ब्याजको मारमा परेकालाई राहत पुगेको छ ।

धनुषा जिल्लाको रघुनाथपुरमा त्यहाँका मुसहर तथा दनुवारहरूले बाखा, बङ्गुर र सुँगुरपालनबाट गरेको आर्थिक उपलब्धि नमुनालायक रहेको छ । यसै गरी तराईका संस्थाहरूले पिछडिएका डोम, चमार, मुसहर, हरिजन, धोबी, धवाल, चिडिमार, पत्थरकट, पासवान आदि जातिलाई संस्थामा आबद्ध गराउने अभियान नै चलाएका छन् । सिराहाको पडरिया संस्थाकी साना किसान महिला सदस्य रामरती चमार संविधानसभाको सदस्य बन्न सफल भएकी थिइन् ।

मकवानपुर जिल्लाको साना किसान सहकारी संस्थाले चेपाङहरूको मात्र नमुना कार्यक्रम सञ्चालन गरेको छ, जुन संस्थालाई बैङ्कले लगानी गर्दै आएको छ । धादिङमा पनि ठूलो सङ्ख्यामा चेपाङ जातिको साना किसान कार्यक्रममा आबद्धता रहेको छ ।

नेपालमा लोप हुन लागेको वनकरिया जातिका १० परिवारलाई मकवानपुरको हाँडीखोला संस्थाले दुई समूहमा आबद्ध गराई कार्यक्रममा सहभागी गराएको छ । त्यस जातिका मानिसहरूमध्ये त्यहाँ महिला ३८ र पुरुष २७ जना गरी जम्मा ६५ जनाको जनसङ्ख्या रहेको छ । यी परिवारले मासिक रु. ५० बचत गर्ने गरेका छन् ।

यसै गरी डडेलधुरा जिल्लाको शीर्ष सहकारी संस्थाले लोपोन्मुख राउटे जातिका ३४ परिवारलाई संस्थामा सहभागी गराउन सफल भएको छ । ती राउटे जातिबाट रु. १ लाख ८ हजार सेयर तथा बचत जम्मा भइसकेको छ भने तिनले रु. १००।- मासिक बचत गर्ने गरेका छन् । तिनका ७० जना बालबालिकाहरूले उक्त संस्थामा बालवचत सुरु गरी अहिलेसम्म बालबचतमा रु. ७० हजार जम्मा समेत भइसकेको छ ।

नेपालको पहाडी भेगमा रहेका संस्थाहरूमा दमाई, कामी, सार्की, तामाङ, गुरुङ, मगर आदि जातिको ठूलो सङ्ख्यामा सदस्यता रहेको छ, जसले संस्थाबाट लघु कर्जा सेवा प्राप्त गरिरहेका छन् ।

रूपन्देही, कास्की, बाँके, बर्दिया, नवलपरासी, कपिलवस्तुका साना किसानको गाई/भैंसी पालन, झापा/इलामका किसानहरूको चियाखेती, धनुषा, महोत्तरी, सर्लाही, सप्तरी, सिराहाका किसानहरूको बाखा/भैंसी पालन, मोरङ, झापा, धादिङका किसानको बङ्गुरपालन, धादिङ, सुर्खेत, अर्घाखाँची र चितवनका किसानहरूको बाखापालन/तरकारीखेती आदि साना स्वरोजगार व्यवसायहरू अनुकरणीय र हेर्न लायक पनि छन् ।

हाम्रो भनाइ लघुकर्जासेवालाई उत्पादनसँग व्यावसायिक रूपमा जोड्नुपर्छ भन्ने हो । उत्पादनसँग जोडेर लगानी गरिएन भने भारतको आन्ध्रप्रदेशमा लिएको कर्जा तिर्न नसकेर आत्महत्यासम्म गर्न पुगेको तीतो यथार्थको सिकार हामी पनि बन्न सक्तछौं । त्यस्तो हुन नदिन साना किसान विकास बैङ्क सजगताका साथ लागिपरेको छ ।

बैङ्कले आफ्नो कर्जा गरिब साना किसानमा नै लगानी गर्नुपर्ने, लगानी गरेको कर्जावाट परियोजना सञ्चालन गर्न किसानको क्षमतावृद्धिका कार्य पनि गर्नुपर्ने र अन्य बैङ्कहरू नगएको ठाउँमा सेवा लिएर जानुपर्ने बाध्यता पनि हाम्रो सामु रहेको छ । यी कुराहरू केवल हामीले मात्र भनेका होइनौं । हामीले सरकारका उच्चपदस्थ व्यक्तित्वहरू र दातृ निकायहरूसँग सम्बन्धित महानुभावहरूलाई नेपालका विभिन्न भागमा लगेर अवलोकन गरायौं, जसको फलस्वरूप यो बैङ्क र यस बैङ्कसँग आवद्ध संस्थाले गर्न सक्छ भनेर विश्वासको वातावरण बन्न गएको छ ।

अहिले बैङ्कले आफ्नो नियमित लघुकर्जा सेवाको अलावा थप तीनवटा विशेष किसिमका कर्जासेवाहरू प्रदान गर्दै आएको छ । देशमा बढ्दो मासुजन्य पदार्थको आयात प्रतिस्थापन गर्न १८००० पशुपालक साना किसानलाई रु. १.५ अर्ब बराबर रकम लगानी गर्ने लक्ष्यका साथ मासुजन्य पशुपालनका क्षेत्रमा लगानी गर्दै आएको छ । यसै गरी स्वरोजगार कार्यक्रमका लागि अर्को रु. १ अर्ब सहुलियत कर्जाका लागि बैङ्क र स्वरोजगार कोषबीच सम्झौता भएको छ । पहाडी र हिमाली भेगमा साना किसान विकास बैङ्कको सेवा विस्तार गर्न एसियाली विकास बैङ्कले सहयोग उपलब्ध गराएको छ ।

साना तथा युवा व्यवसायी स्वरोजगार कोषसँग भएको सम्झौताअनुरूप कोषले बैङ्कलाई उपलब्ध गराएको रु. ९ करोडमा बैङ्कले रु. ९ करोड ५५ लाख लगानी गरेको छ । बैङ्कले इमानदारीपूर्वक लिएको रकमभन्दा बढी रकम किसानको हातमा पुऱ्याएको छ । यसअन्तर्गत ऋण लिएर स्वरोजगार व्यवसाय गर्ने सबै किसानले अनुकरणीय ढङ्गबाट परियोजना सञ्चालन गरी प्रत्यक्ष र परोक्ष रूपमा लगभग १२०० जनालाई रोजगारीको अवसर मिलेको छ ।

बैङ्कले हासिल गरेका उल्लिखित उपलब्धिहरूका लागि बैङ्क परिवारका तर्फबाट नेपाल सरकार, कृषि विकास बैङ्क, यस कार्यक्रमप्रति सकारात्मक टिप्पणीसहितको समाचार बाहिर ल्याउने पत्रकार मित्रहरू, सहयोगी निकायहरू एसियाली विकास बैङ्क तथा इजरायली सरकार, आइफाड/जीआईजेड लगायत प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउने सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा, गरिबद्वारा गरिबलाई गरिबहरूबाटै मद्धत गर्ने साना किसान विकास अभियानमा हाम्रो नेपालका अधिकांश गा. वि. स. मा पुऱ्याउन आफ्नो नीति तथा कार्यक्रममा यस कार्यक्रमलाई समावेश गरिदिनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्दछु ।

साथै प्रमुख अतिथि, विशेष अतिथि, अतिथिज्यू एवम् पत्रकारज्यूहरूले हाम्रो निमन्त्रणा स्वीकार गर्दै पाल्नुभई हाम्रो हौसला बढाइदिनुभएकोमा बैङ्कका तर्फबाट उहाँहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

कार्यक्रमलाई दिनरात खटी सफल बनाउन लागिपर्ने प्रमुख कार्यकारी अधिकृत लगायत साना किसान विकास बैङ्कका सञ्चालक तथा कर्मचारी परिवारलाई धन्यवाद दिन चाहन्छु । साथै, प्रत्यक्ष-परोक्ष रूपमा संलग्न सबैलाई धन्यवाद छ ।

**धन्यवाद !**

## हाम्रो अनुरोध

साना किसान विकास बैङ्कद्वारा प्रकाशित यो द्वैमासिक पत्रिकाले लघुवित्त तथा सहकारी विकासमा संलग्न भएका सङ्घ/संस्था, विज्ञ र जिज्ञासुहरूसम्म बैङ्कका क्रियाकलापहरूका साथै लघुवित्त क्षेत्रका राष्ट्रिय/अन्तर्राष्ट्रिय गतिविधिहरू पुऱ्याउन प्रयत्न गर्नेछ । यस पत्रिकामा प्रकाशित सामग्रीले लेखकको निजी विचार र अवधारणालाई स्वतन्त्रतापूर्वक प्रतिबिम्बित गर्ने भएकाले उक्त विचारहरू प्रति यस बैङ्कको सहमति/असहमति रहेको भन्ने अर्थ लाग्ने छैन ।

लघुवित्तको साझा विचार मञ्चका रूपमा प्रकाशन गर्न लागिएको यस पत्रिकामा लघुवित्तसम्बन्धी खोज-अनुसन्धान, विचार, अनुभव, उपलब्धि, रोचक प्रसङ्ग वा समाचार पठाई सहयोग पुऱ्याइदिन सम्पूर्ण विज्ञ, लेखक, लघुवित्तकर्मी र पाठकवर्गसमक्ष अनुरोध गर्दछौं ।

**पत्राचार ठेगाना**

**साना किसान विकास बैंक लि.**
**केन्द्रीय कार्यालय**
**सुविधानगर, तिनकुने, काठमाडौं**
**पो.ब.नं. २१९५६,**
Email : editorial@skbbl.com.np

# एघारौं बैंक दिवसमा प्रमुख...

*... पृष्ठ नं १ को बाँकी अंश*

साझेदार संस्थाहरू सहकारीको संरचनामा रहेका छन् । यसप्रकार सहकारी मार्फत विपन्न तथा साना किसानहरूलाई प्रभावकारी ढङ्गबाट वित्तीय तथा गैर वित्तीय सेवाहरू सशक्त ढङ्गले सञ्चालन भइरहेको छ । नयाँ व्यवसाय विस्तार गर्ने, क्षेत्र विस्तार गर्ने र यस बैङ्कको थोक कर्जाको दायराभित्र अझ बढी निम्न आय भएका व्यक्तिहरूलाई समेट्नु यसको अवसर र चुनौती दुवै भएको छ ।

यस बैङ्कसँग कारोबारमा संलग्न भएका संस्थाहरूको सुशासनका लागि नेतृत्वमा महिला र पुरुषहरूको प्रबल सहभागिता जस्ता सबल पक्ष हुन् भने समूहगठनमा प्रायः महिलाहरूलाई मात्र संलग्न गराउन बढी जोड दिनु यसको प्राथमिकता भएको छ ।

पहाडी जिल्लाहरू त्यसमा पनि अझ विकट क्षेत्रमा लघुवित्तको कारोबारमा सर्वसाधारणको पहुँच एकदमै न्यून रहेको छ । त्यस भेगमा पनि लघुवित्तको कारोबार वृद्धि गर्नु र विस्तार गर्नु आजको प्रमुख आवश्यकता हो । खर्च र आम्दानीबीच सन्तुलन कायम गरी जानुपर्ने यथार्थका आधारमा एउटा राष्ट्रिय नीतिको आवश्यकता देखिन्छ, जसले विकट पहाडी भेगमा पनि संस्थागत ढङ्गले कार्यक्रम लैजान अभिप्रेरित गरोस् ।

यस बैङ्कको ११ वर्षको यात्रालाई फर्केर हेर्दा यसका सबल पक्ष बढी र केही कमजोर पक्ष पनि देखापरेका छन्, जसलाई निम्न ढङ्गबाट हेर्न सकिन्छ –

### (क) सबल पक्ष

(क) साना किसानहरूमा संस्था सञ्चालन गर्ने पक्षमा प्रशस्त सशक्तीकरण भएको छ । आफ्नो संस्था सबल र दिगो ढङ्गबाट सञ्चालन गर्नुपर्दछ भन्ने चेतना आएको छ । वित्तीय ज्ञान र वित्तीय अनुशासनमा धेरै सुधार भएको छ ।

(ख) साना किसान सहकारी संस्थाहरू घाटामा चल्नै हुँदैन भन्ने भावना मजबुत हुँदै गएको छ ।

(ग) स्थानीय पुँजी निर्माणतर्फ, संस्थाको सेयर खरिदमा वृद्धि, वचतमा वृद्धि, ग्राहक/पशुधन सुरक्षण कोष आदिमा वृद्धि भई २०६९ जेठ मसान्तसम्ममा संस्थाहरूको कूल आन्तरिक पुँजी अर्थात् स्थानीय बचत झन्डै रु. ३ (तीन) अर्ब ८० करोड पुगेको छ, जुन लघुवित्तको क्षेत्रमा संलग्न संस्थाहरूका लागि गर्वको कुरा हो ।

(घ) व्याजदरमा स्थिरता :- द्वन्द्वको समय होस् वा देशमा आर्थिक मन्दीको अवस्थामा होस्, साना किसान सहकारी संस्था लि. हरूको कारोबार सधैं सकारात्मक रहँदै आएको छ भन्नुमा अतिशयोक्ति हुने छैन । किनभने अहिले पनि यी संस्थाहरूले आफ्ना किसानहरूसँग लिने व्याजदर १५-१७ प्रतिशतको हाराहारीमा रहेको छ । लघुवित्तको क्षेत्रमा देशभरिका सम्पूर्ण कार्यक्रमलाई हेर्दा यो व्याजदर एकदमै न्यून हो भन्न सकिन्छ ।

(ङ) लघुवित्त कार्यक्रममा सञ्चालन खर्च बढी हुन्छ भन्ने मान्यता र यथार्थ पनि छ तर साना किसान सहकारी संस्थाहरूमा औसत सञ्चालन खर्च थोरै अर्थात् औसत ३ प्रतिशत वा सोभन्दा पनि कम रहन गएको छ ।

(च) साना किसान सहकारी संस्थाको विस्तारका लागि बैङ्कले सञ्चालन गर्दै आएको साना किसान सहकारी अनुसरण (Replication) कार्य निकै प्रभावकारी देखिएको छ । एउटा सक्षम सङ्घ/संस्थाले आफ्नो गा. वि. स. का अतिरिक्त छिमेकका अरू गा. वि. स. मा पनि साना किसान सहकारीको अनुसरण गर्दै आएका छन् । अनुसरणबाट आर्थिक वर्ष २०६७/६८ सम्म थप ६५ संस्था निर्माण कार्य गरिएकोमा आर्थिक वर्ष २०६८/६९ मा थप नयाँ ७७ संस्था निर्माण कार्यारम्भ भएको छ । यसै गरी दुर्गम तथा पहाडी क्षेत्रमा सामुदायिक स्तरमा सञ्चालन गर्ने उद्देश्यले स्थापना भएका ५० भन्दा बढी सामुदायिक सहकारी संस्थाहरूको क्षमता विकास गरी बैङ्कको कारोबारमा संलग्न गराउने प्रयासहरूको समेत थालनी गरेका छौं । अनुसरण तथा क्षमता विकासको माध्यमबाट आगामी दिनमा बैङ्कको सेवा बढीभन्दा बढी साना किसानमा विस्तार गर्दै जाने नीति रहेको छ । यसमा नेपाल सरकारको सहयोग महत्वपूर्ण रहिआएको छ ।

(छ) यस बैङ्कको अगुवाइमा नै ऋण कारोबारका अतिरिक्त संस्थाहरूले सामाजिक र सामुदायिक कार्यहरू सँगसँगै तालिमका कार्यहरूसञ्चालन गरिएका छन् ।

(ज) अधिकांश संस्थाका आफ्नै भवन निर्माण भइसकेका छन् । आफ्नो भवन नहुने संस्थाहरू आफ्नै भवन हुनुपर्दछ भन्ने मान्यता राख्तछन् । आफ्नो र मेरो हो भन्ने भावना यसले बढाएको छ ।

(झ) झन्डै ५० प्रतिशतभन्दा बढी संस्थाहरूले लघुवित्तको Software प्रयोग गरी आधुनिक उपकरणका माध्यमबाट कारोबार गरिरहेका छन् । बैङ्कको आफ्नै Software तयार हुने क्रममा रहेको छ ।

(ञ) नेपालको प्रमुख कृषिमा हुने उत्पादनका स्रोतहरू गाउँमा नै छन् । ती उत्पादनशील क्षेत्रमा हाम्रा संस्थाहरू कार्यरत छन् । योजनाबद्ध ढङ्गले कार्य गर्न सकेमा गाउँमा पशुजन्य व्यवसाय, वनजन्य व्यवसाय, कृषिजन्य व्यवसाय, मौरी तथा कीटजन्य व्यवसाय, पर्यटन व्यवसायलगायत स-साना लघुउद्यम व्यवसाय जस्ता कार्यक्रमहरू प्रशस्त गर्न सकिने सम्भावनाहरू रहेका छन् ।

(ट) यिनै सम्भावना र संस्थाहरूको कार्यक्रमको स्थलगत अवलोकन पछि बैङ्कलाई नेपाल सरकारबाट गत आर्थिक वर्ष २०६७/६८ र चालु आर्थिक वर्षमा गरी रु. १ अर्ब ५० करोड राशीको मासुजन्य पशुपालनका क्षेत्रमा लगानी गर्ने गरी ऋण सहयोग प्राप्त भएको छ । नेपाल सरकारबाट पशुपालन कार्यविधि, २०६७ जारी भएपश्चात सोही आधारमा बैङ्कले २०६७ चैत्रको अन्तबाट पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन गरेकोमा २०६९ जेठसम्ममा रु. एक अर्ब ५४ करोडको पशुपालन ऋणको माग सङ्कलन भई पशुपालक साना किसानलाई लगानी गर्ने गरी बैङ्कले रु. एक अर्ब ३७ करोड पशुपालन ऋण स्वीकृत गरिसकेको छ । यस अवधिमा झन्डै १७ हजार साना किसानका हातमा रु. एक अर्ब ३ करोडभन्दा बढी कर्जा पुगिसकेको छ ।

(ठ) नेपाल सरकारको 'युवा तथा साना व्यवसायी स्वरोजगार कोष' मार्फत तीन वर्षको अवधिभित्र उपलब्ध गराउने गरी बैङ्कलाई स्वरोजगार कर्जा लगानी गर्न रकम रु. १ अर्ब ऋणपुँजी उपलब्ध गराउने सम्बन्धमा बैङ्क र कोषबीच सम्झौता सम्पन्न भएको छ । यसअन्तर्गत कोषबाट बैङ्कलाई पहिलो वर्षको पहिलो किस्ता रु. ९ करोड प्राप्त भएकोमा १८ जिल्लाका ४९ सहकारी संस्थामा आबद्ध ६४७ जनालाई रु. ९ करोड ५५ लाख लगानी गरेकोमा २० जनाबाट ऋण फिर्ता भइसकेको छ । कोषसँग लिएको रु. ९ करोडमध्ये बैङ्कले कोषलाई रु. १.५ करोड ऋण भुक्तानीसमेत गरिसकेको छ ।

### (ख) कमजोर पक्ष

यो बैङ्क आजको घडीसम्म आइपुग्दा यसका राम्रा पक्ष मात्र होइन, केही कमजोर पक्ष पनि रहेका छन् जसलाई हामीले पहिचान गरी यी कमजोरी न्यूनीकरणका प्रयास गर्दै आएका छौं ।

(क) झन्डै २८७ भन्दा बढी Partner Organizations सँग वित्तीय कारोवार गर्नुपर्ने भएको हुँदा त्यस्ता Partner Organizations मा भएको मानव संसाधनको विकासमा पनि प्रशस्त ध्यान पुऱ्याउनुपर्दछ भने आफ्नै बैङ्कका कर्मचारीहरूलाई समयसापेक्ष तालिम Exposure भ्रमण आदि दिनुपर्ने हुन्छ, जसका लागि पनि आवश्यक स्रोतको कमी रहेको महसुस गरिएको छ ।

(ख) विभिन्न कारणले समयअनुसार आवश्यकता पर्ने Software र Hardware को व्यवस्था हुन नसकिरहेको अवस्थामा भर्खर मात्र ADB/M को सहयोगमा बैङ्कलाई आवश्यक पर्ने Hardware खरिद भइसकेको छ र Software हुने कार्यान्वयनको चरणमा छ ।

(ग) सम्पूर्ण संस्थाहरूको नियमित र पर्याप्त निरीक्षण र अनुगमन गर्न नसक्नु यसको अर्को कमजोर पक्ष देखिएको छ । यसमा बढी ध्यान केन्द्रित गर्नुपर्ने हामीले ठानेका छौं ।

### पुनःसंरचना, प्रतिबद्धता र पुरस्कार :

तर यथार्थमा हेर्दा यो बैङ्क र यस बैङ्कसँग आबद्ध संस्थाहरू, जो यस बैङ्कका पनि सेयरधनी हुन्, उनीहरूबीच यो बैङ्क हाम्रो हो भन्ने भावना प्रचुर मात्रामा रहेको देखिएको छ । एसियाली विकास बैङ्कको सहयोगमा यस बैङ्कको प्रथम चरणको पुनःसंरचना कार्य सम्पन्न भई दोस्रो चरणको कार्यक्रमसमेत अगाडि बढेको छ, जसअनुसार पहाडी जिल्लाको लागि ऋण प्रवाह गर्न २ मिलियन अमेरिकी डलर राशीको सहयोग प्राप्त हुनेछ । यसै गरी बैङ्कको सुदृढीकरणका लागि MIS Equipments र परामर्शदाताको सहयोगको व्यवस्था भइरहेको छ ।

हाम्रो देशमा केही वर्षदेखि मासुजन्य पदार्थको उपभोगमा वृद्धि हुँदै गएको देखिएको छ । मासुजन्य पदार्थको उत्पादन बढाउन सकेमा मासुको आयात प्रतिस्थापन र साना किसानहरूको आयवृद्धि गर्नमा सहयोग पुग्न गई राष्ट्रिय आयमा सकारात्मक प्रभाव पर्ने भएकाले बैङ्कले नेपाल सरकारको ऋण सहयोगमा सञ्चालन गरेको पशुपालन कर्जा कार्यक्रमलाई प्रभावकारी बनाउँदै आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने नीति लिएको छ ।

साना किसान विकास कार्यक्रमलाई हालको अवस्थासम्म ल्याउनमा धेरैजना अग्रजहरूको विशेष योगदान रहेको छ भन्ने कुरा यो बैङ्कले बिर्सेको छैन । त्यसैले साना किसान विकास अभियानमा लागेर अविस्मरणीय बन्नुभएका व्यक्तिहरू मध्ये हाल चारजना कर्मठ, मूर्द्धन्य, आदरणीय र प्रेरणादायी व्यक्तित्वहरूलाई अभिनन्दन गर्नका लागि सञ्चालक समितिले निर्णय गरेको छ । उहाँहरूले यस कार्यक्रमका विभिन्न कालखण्डमा आ-आफ्ना तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो र हाल पनि गर्दै आउनुभएको छ । साना किसान विकास कार्यक्रमको सुरुवातको अवस्थामा कार्यक्रमलाई एउटा उचाइमा पुऱ्याउन नेतृत्वदायी भूमिका खेल्ने, साना किसान विकास कार्यक्रमको संस्थागत विकास अभियानलाई सार्थक निष्कर्षमा पुऱ्याउन प्रत्यक्ष-परोक्ष रूपमा महत्वपूर्ण भूमिका खेल्ने र जीवनको महत्वपूर्ण समय यसै कार्यक्रमका लागि समर्पण गर्ने चार जना व्यक्तित्वलाई हाम्रा सामु पाउँदा हामी धन्य भएका छौं । उहाँहरूको उपस्थितिले हामीलाई यस अभियानमा अझै दत्तचित्त भई लाग्न थप प्रेरणा र हौसला प्राप्त भएको छ ।

विगतका वर्षहरूदेखि नै यस बैङ्कले आफ्नो वार्षिकोत्सवको अवसरमा बैङ्कका आठवटा इलाका कार्यालयहरूमध्ये वार्षिक प्रगति मूल्याङ्कन (Performance Evaluation) का आधारमा एउटा सर्वोत्कृष्ट इलाका कार्यालयलाई प्रमाणपत्र प्रदान गर्दै आएकोमा यस वर्ष पनि त्यसलाई निरन्तरता दिइएको छ । त्यस्तै, साना किसान सहकारी संस्थाहरूमध्ये मूल्याङ्कनका आधारमा राष्ट्रिय स्तरमा सबै भन्दा उत्कृष्ट भएको एउटा संस्था र बैङ्कसँग सबैभन्दा बढी आर्थिक कारोबार गर्ने एउटा संस्था गरी २ वटा संस्थालाई केन्द्रीय स्तर बाट ताम्रपत्रसहित नगद रु. १० हजारका दरले पुरस्कृत गरिने व्यवस्था मिलाइएको छ । त्यस्तै, इलाकास्तरमा पनि प्रथम हुने संस्थाहरूलाई यस अवसरमा नगद रु. ५ हजार एवं प्रमाणपत्रबाट उनीहरूको मिहिनेत र कार्यको उच्च मूल्याङ्कन गरी पुरस्कृत गरिएको छ । यसरी प्रशंसापत्र र नगदबाट पुरस्कृत गर्दा मूल्याङ्कन गर्ने स्पष्ट आधार र अङ्क निर्धारण गर्ने गरी व्यवस्था मिलाइएको कुरा यहाँ अवगत गराउन चाहन्छु ।

वार्षिक रूपमा रु. १.५ अर्बभन्दा बढी थोक कर्जा प्रवाह गर्ने यो बैङ्क र यस बैङ्कका सेयरधनी रहेका साना किसान सहकारी संस्थाहरू र त्यसमा आबद्ध भएका विपन्न वर्ग एवं कमजोर आर्थिक स्तर भएका किसानहरूलाई अझ बढी सेवा पुऱ्याउन सकियोस् भन्ने अभिप्रायले यो बैङ्क आफ्नो सेवा अझ विस्तार गर्दै लैजान कटिबद्ध र प्रतिबद्ध रहेको छ भन्न पाउँदा हर्ष लागेको छ ।

यस बैङ्कलाई देशको गरिबी न्यूनीकरणका लागि ग्रामीण भेगका साना किसानहरूको जीवनस्तर माथि उठाउन सहयोग पुऱ्याउने नेपाल सरकार, कृषि विकास बैङ्क, नेपाल राष्ट्र बैङ्क, ADB, GIZ, नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ, साना किसान सहकारी संस्थाहरू, ती संस्थामा आबद्ध सदस्यहरू, बैङ्कका सेयरधनी वित्तीय संस्थाहरू, यस बैङ्कका सहयोगी अन्य बैङ्क तथा वित्तीय संस्था र निकायहरूका अतिरिक्त दिनरात यस बैङ्कको काममा खट्ने सहयोगी कर्मचारी मित्रहरूलाई हृदयदेखि नै आभार प्रकट गर्नु आफ्नो कर्तव्य ठान्दछु ।

अन्तमा, यस बैङ्कको एघारौं वार्षिकोत्सवको अवसरमा हाम्रो निम्तोलाई स्वीकार गरी अति नै व्यस्तता रहँदारहँदै पनि केही समय निकाली हाम्रो कार्यक्रममा प्रमुख आतिथ्य स्वीकार गरिदिनुहुने प्रमुख अतिथिज्यूलाई पुनः हार्दिक स्वागत गर्दछु । त्यस्तै मञ्चमा बस्नुभएका र अन्य विशिष्ट पाहुनाहरू हाम्रो निमन्त्रणा स्वीकार गरी आजको यस कार्यक्रममा सहभागी हुन पाल्नुभएकोमा उहाँहरूलाई पनि पुनः स्वागत-अभिवादन गर्दै बिदा लिन चाहन्छु ।

**धन्यवाद !**



# साना किसानको कार्यक्रममा गभर्नरको अभिरूचि



कार्याक्रममा सम्बोधन गर्दै गभर्नर डा. खतिवडा (बाँया) र उपस्थित साना किसानहरु

जेठ २६, रसुवा । नेपाल राष्ट्रबैङ्कका गभर्नर डा. युवराज खतिवडाले साना किसान विकास बैङ्कको प्राविधिक र वित्तीय सहयोगमा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घद्वारा रसुवा जिल्लाको धैवुङ्ग र भोर्ले गाविसमा सञ्चालन गरिएको साना किसान सहकारी अनुसरण कार्यक्रमको व्यवस्थापन हस्तान्तरण गर्नुभयो । साना किसान सहकारी संस्थाको व्यवस्थापन हस्तान्तरण कार्यक्रमलाई शुभकामना मन्तव्य व्यक्त गर्दै उहाँले आफू पनि किसान परिवारबाटै हुर्केबढेको व्यक्ति भएकाले कृषकहरूबीच उभिन पाउँदा आफूलाई सधैँ गौरवको अनुभूति हुने गरेको बताउनुभयो । "कृषकले मेरो पेसा सानो हो, मेरो पैसा सानो हो भन्नेजस्तो विचारलाई त्यागेर आफ्नो पेसामाथि सधैँ गौरव गर्नुपर्दछ र विशेष गरी युवाहरूले कृषिपेसालाई अँगाल्न सक्नुपर्छ । सहरमा बस्ने सबै मानिसहरूले उपभोग गर्ने चीजवस्तुहरू गाउँका किसानहरूले उत्पादन गर्दछन् । तर ती सहरका मानिसहरू किसानलाई कहिल्यै सम्झिँदैनन् । सबैका अन्नदाता र जीवनदाता ती स्वाभिमानी किसानलाई राज्यले संरक्षण गर्नुपर्दछ भन्ने भावनाले म यस कार्यक्रममा उपस्थित भएको हुँ । कृषि व्यवसायमा रहेका विभिन्न जोखिमहरूका कारण बैङ्कहरू कृषिक्षेत्रमा लगानी गर्न हिच्किचाएको हुन सक्ने देखिएकाले यस व्यवसायका जोखिमहरूलाई कम गर्न बाली तथा पशुबीमा आदिको व्यवस्था गर्न सकिएमा बैङ्कहरूबाट यस क्षेत्रमा लगानी बढ्न सक्ने मेरो धारणा रहेको छ ।" उहाँले भन्नुभयो ।

मन्तव्यका क्रममा गभर्नर डा. खतिवडाले कृषिक्षेत्रलाई हेर्ने दृष्टिकोणमा परिवर्तनको आवश्यकता औँल्याउँदै राज्यको प्राथमिकता कृषिमा रहेको र यसलाई दातृनिकायले पनि स्वीकारेको विचार राख्नुभयो । मुलुकमा ऊर्जासङ्कट रहेको, १०० जना नेपालीमा ७० जना कृषिपेसामा लागेको, कृषिमा लाग्ने मानिसहरूमध्ये आधाभन्दा बढी साना किसानहरू रहेका, साना किसानहरूसँग जग्गाजमिन थोरै रहेको जस्ता तथ्य उल्लेख गर्दै उहाँले जमिन धेरै नभएका किसानका लागि पशुपालन प्राथमिक क्षेत्रका रूपमा रहेको विचार व्यक्त गर्नुभयो । रासायनिक मलमा अनुदान रहेको तर गुइँठा बनाउन चाहिने गोबर दिने पशुको सुरक्षा नभएको हुँदा कृषिलाई प्राथमिकता दिनुपर्ने वश्लेषण पनि उहाँले सो अवसरमा गर्नुभयो । साथै, उहाँले कृषि र ऊर्जामा लगानी गर्न बैङ्कहरूलाई राष्ट्रबैङ्कले निर्देशन दिइसकेको जानकारी पनि गराउनुभयो । राष्ट्रिय आम्दानीमा एक तिहाइ हिस्सा ओगट्ने कृषिमा बैङ्क तथा वित्तीय संस्थाहरूको कूल लगानीको ३ प्रतिशत मात्र कर्जा प्रवाह रहेकाले त्यसलाई वृद्धि गरी १० प्रतिशत पुऱ्याउने कार्ययोजना बनाई अघि बढ्न बैङ्कहरूलाई नेपाल राष्ट्रबैङ्कले निर्देशन दिइसकेको तथ्यमाथि उहाँले प्रकाश पार्नुभयो । बैङ्कहरूलाई ग्रामीण क्षेत्रमा जान निर्देशन दिइसकिएको भन्दै ग्रामीण क्षेत्रमा शाखा खोल्न बैङ्कहरूलाई रु. १ करोडसम्मको निर्व्याजी ऋण उपलब्ध गराउने व्यवस्था पनि रहेकाले बैङ्कका शाखाहरू गाउँमा आउनेछन् भन्ने विचार पनि उहाँले राख्नुभयो । ग्रामीण कृषिक्षेत्रको विकासका लागि उन्नत मल, बिउ, प्रविधि, सिँचाई र बजारव्यवस्थाको आवश्यकता पर्ने धारणा राख्नुका साथै ग्रामीण क्षेत्रमा सङ्कलन भएको बचतलाई गाउँमै लगानी गरी गाउँको विकास गर्नुपर्दछ भन्दै उहाँले गाउँमा विकास गर्न पुँजीको अभाव नहोस् भन्नका लागि राष्ट्रबैङ्कले बैङ्कहरूलाई निर्देशन दिइसकेको जानकारी पनि दिनुभयो । देशको स्थायी सरकारको रूपमा रहेका निकायहरूमध्येको नेपाल राष्ट्रबैङ्कको गभर्नरका हैसियतले आफूले किसान र ग्रामीण क्षेत्रको विकासका लागि सधैँ प्रयत्न गरिरहने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो । अहिले देशको उन्नतिका लागि सामाजिक र आर्थिक सहअस्तित्वको आवश्यकता रहेको औँल्याइ सहकारिताका माध्यमबाट सामाजिक सद्भाव बलियो बनेको तथ्य स्वीकार्दै उहाँले कर्मचारी र राजनीतिक क्षेत्रले पनि सहकारीबाट सामाजिक सद्भाव कायम राख्न सिक्नुपर्ने विचार पनि राख्नुभयो । उहाँले सहकारी र किसानको क्षमता बलियो रहेकाले कार्यक्रम विस्तार हुनुका साथै १-२ वर्षमा रसुवामा ५० भन्दा बढी सहकारी संस्था गठन भएको सुन्न पाइयोस् भन्दै साना किसानलगायत अन्य सहकारी संस्थाहरूको उज्ज्वल भविष्यको कामना गर्नुभयो ।

कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ तथा साना किसान विकास बैङ्कका अध्यक्ष खेमबहादुर पाठकले नेपाल राष्ट्रबैङ्कका गभर्नरजस्ता उच्चपदस्थ व्यक्तिलाई प्रमुख अतिथिका रूपमा आफ्नो गाउँ, समाज तथा कार्यक्रममा पाउँदा साना किसान सहकारीलाई रसुवाका सबै गाविसमा आफ्नो सेवा पुऱ्याउन हौसला प्राप्त भएको विचार व्यक्त गर्नुभयो । उहाँले साना किसान विकास बैङ्कले साना किसान सहकारी संस्थामार्फत मासु तथा तरकारीजन्य व्यवसायमा ऋण प्रवाह गरी यस पेसाप्रति आम किसानहरूलाई आकर्षित गरिरहेको बताउँदै ग्रामीण किसानहरूका लागि सहकारी वित्तीय स्रोतको भरपर्दो र सहज माध्यमका रूपमा लोकप्रिय रहेको धारणा राख्नुभयो । बैङ्कहरूमा सोझा र सरल गरिब किसानको पहुँच नभएकाले सहकारी संस्थाहरूको कार्यक्रम अगाडि बढेको विचार पनि उहाँले व्यक्त गर्नुभयो । उहाँले बैङ्कहरूले साना किसानहरूलाई




साना किसान विकास बैंक अध्यक्ष श्री खेम बहादुर पाठक र प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्मा सहित कार्यक्रममा गभर्नर डा. खतिवडा (बीचमा)

नपत्याएको हुनाले साना किसान सहकारीलाई थोककर्जा दिने उद्देश्यले साना किसान विकास बैङ्कको स्थापना भएको भनाइ राख्दै १५-२० करोडको कारोबार गर्ने साना किसान भएपछि बैङ्क किन चाहियो भनी प्रश्न गर्नुभयो । साना किसान सहकारीले गर्दा घरघर र समाजका आर्थिक गतिविधिमा महिलाको सहभागिता बढेको र उनीहरूको निर्णयक्षमतामा बृद्धि भएको विचार पनि उहाँले व्यक्त गर्नुभयो । सहकारीले विकासको मूल प्रवाहमा समाहित हुन नसकेका महिला, तराईका चमार, जङ्गलका राउटे, विदेशमा गई दुःख पाएर फर्केका नेपाली युवालगायत सबै लाई ऋण उपलब्ध गराएर आत्मनिर्भर र स्वावलम्बी बनाएको धारणा पनि उहाँले राख्नुभयो। समाजका सबै मानिसको खर्च बढेको र त्यस खर्चलाई धान्न पर्याप्त आम्दानीको आवश्यकता पर्ने हुँदा आम्दानी बढाउन व्यवसायमा लाग्नुपर्ने बताउँदै उहाँले व्यवसाय गर्न साना किसान सहकारीले सिकाउने हुँदा सहकारीमा आई सदस्य बन्न पनि सम्पूर्ण किसान तथा युवालाई आग्रह गर्नुभयो ।

कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै साना किसान विकास बैङ्कका प्रमुख कार्यकारी अधिकृत जलनकुमार शर्माले कार्यक्रममा जनसमुदायको अपार उपस्थितिले सबैबीच गाढा र प्रगाढ सम्बन्ध रहेको पुष्टि गरेको उल्लेख गर्दै रसुवामा विकासको सुरुवात भएको धारणा राख्नुभयो । साना किसान सहकारी संस्था धैवुङ्ग र भोर्ले दुवै संस्थाले छोटो समयमै अनुसरण कार्यक्रमका चरणहरू पार गरी आफूलाई साना किसान विकास बैङ्कसँग कारोबार गर्न सक्षम बनाएकोमा उहाँले धन्यवाद ज्ञापन गर्नुभयो । विकास आफैँले गर्नुपर्दछ भन्दै उहाँले भविष्यमा सम्पूर्ण घरधुरीलाई संस्थामा समेट्नुपर्ने कुरामा सबैको ध्यान पुग्नुपर्ने विचार व्यक्त गर्नुभयो । सहकारी संस्थाको हस्तान्तरण कार्यक्रमबाट स्थानीय किसान र साना किसान विकास बैङ्कका बीचमा अझ बढी सम्बन्धको विकास भएको धारणा पनि उहाँले राख्नुभयो । ग्रामीण क्षेत्रको विकासका लागि त्यस क्षेत्रमा पैसा पुग्नुपर्ने र पैसा पुग्न संस्था बलियो हुनुपर्ने धारणा राख्दै उहाँले साना किसान सहकारी संस्था भोर्ले र धैवुङले आफ्ना सदस्यहरूलाई बलियो बनाई अन्य जनसमुदायलाई पनि समेट्नुपर्ने धारणा राखी नेपाल राष्ट्रबैङ्कका गभर्नरज्यूको उपस्थितिका लागि धन्यवाद व्यक्त गर्नुभयो ।

कार्यक्रम साना किसान सहकारी संस्था भोर्लेका अध्यक्ष टीकाप्रसाद देवकोटाको सभापतित्वमा सम्पन्न भएको थियो भने कार्यक्रममा स्वागत-मन्तव्य साना किसान सहकारी संस्थाका उपाध्यक्ष सीता अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा स्थानीय समाजसेवी साधुराम पौडेलले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा अतिथिहरूका स्वागतका लागि तामाङजातिको झाँक्रीनाच, पञ्चेबाजा, भजननाच तथा गीतहरू प्रस्तुत गरिएका थिए। कार्यक्रममा प्रमुख अतिथि गभर्नर डा. युवरज खतिवडाले साना किसान सहकारी संस्था धैबुङ र भोर्लेका अध्यक्षहरू क्रमशः विष्णुप्रसाद पौडेल र टीकाप्रसाद देवकोटा तथा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घका महाप्रबन्धक रुद्र भट्टराईलाई प्रमाणपत्र वितरण गर्नुभएका थियो भने साना किसान सहकारी संस्था धैबुङ र भोर्ले तथा साना किसान विकास बैङ्कबीच त्रिपक्षीय सम्झौतापत्रको समेत आदानप्रदान भएको थियो ।

कार्यक्रममा सर्वसाधारण, शिक्षक, विद्यार्थी, नेपाल सरकारका स्थानीय निकायका प्रतिनिधि, समाजसेवी, राजनीतिक दलका प्रतिनिधि, नेपाल प्रहरी र पत्रकारलगायतको उपस्थिति रहेको थियो। स्थानीय साना किसान सहकारी संस्थाहरूका तर्फबाट प्रमुख अतिथि तथा अतिथिहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

साना किसान सहकारी संस्थाहरूको हस्तान्तरण कार्यक्रमअघि नेपाल राष्ट्रबैङ्कका गभर्नर डा. युवराज खतिवडा लगायतको भ्रमणटोलीद्वारा धादिङ र नुवाकोट जिल्लास्थित साना किसानहरूद्वारा सञ्चालित व्यावसायिक परियोजनाहरूको अवलोकन गरिएको थियो । त्यस क्रममा धादिङ जिल्लाको नौबिसेमा कृषक हेमलाल श्रेष्ठले गरेको ग्ल्याडियस जातको फूलखेती, नौबिसेस्थित नौबिसे साना किसान कृषि सहकारी संस्था लि. नौबिसेमा कृषक जनकप्रसाद रिजालद्वारा गरिएको घिउकुमारीको खेती, नुवाकोट जिलिङस्थित माछापालन, गाईपालन र कोल्ड स्टोरेजको टोलीले अभिरुचिपूर्वक अवलोकन गरेको थियो । गभर्नर डा. खतिवडाले नुवाकोटको जिलिङमा सुरु गरिएको माछापालन व्यवसायको उद्घाटन पनि गर्नुभएको थियो । किसानहरूले सरल र सहज ऋण, उन्नत मल, बिउ, सिँचाई, दूध चिस्यान केन्द्रको स्थापना गर्न सरकारको पुँजीगत अनुदान, कृषि बिउमा लाग्ने कर हटाउनुपर्ने, स्थानीय स्तरमा बैङ्क शाखाको उपस्थिति बढाउन, कृषि प्राविधिकको दरबन्दी थप गर्न अनुरोध गरेका थिए ।









साना किसानहरुद्वारा सञ्चालित केही परियोजना अवलोकनको क्रममा

# अर्थसचिवद्वारा बर्दियाका अनुसरित सहकारी संस्थालाई परिपक्वता प्रमाणपत्र प्रदान



बर्दिया २७ जेठ । अर्थ मन्त्रालयका सचिव कृष्णहरि बाँस्कोटाले साना किसान कृषि सहकारी जिल्ला सङ्घ बर्दियाले साना किसान विकास बैङ्कको आर्थिक सहयोगमा साना किसान सहकारी अनुसरणका माध्यमबाट बर्दिया जिल्लाको कर्णालीपारीस्थित चारवटा गाविसमा निर्माण गरेका बेग्लाबेग्लै चारवटा नयाँ साना किसान कृषि सहकारी संस्था लि. हरू क्रमशः नयाँ दिदीबहिनी साना किसान कृषि सहकारी संस्था लि. राजापुर, नारी कल्याण साना किसान कृषि सहकारी संस्था लि. भीमापुर, पुष्पाञ्जली साना किसान कृषि सहकारी संस्था लि. मानपुरटपरा र अञ्जुली साना किसान कृषि सहकारी संस्था लि. खैरीचन्दनपुर बर्दियालाई एक समारोहबीच परिपक्वताको प्रमाणपत्र हस्तान्तरण गर्नुभयो ।

उक्त कार्यक्रममा अर्थसचिव बाँस्कोटाले हजारौँको सङ्ख्यामा उपस्थित सहभागीलाई देख्ता साना किसानले साना किसानको विकासका लागि गर्नुपर्ने सबै किसिमका प्रयासहरू गर्न सफल हुने कुरामा आफूलाई विश्वास लागेको बताउनुभयो । उहाँले कृषि व्यवसायको व्यावसायीकरण, आर्थिक उन्नति र विकासमा महिलाहरूको सहभागिता बढाउन लघुवित्तलाई उपकरण बनाई साना किसान विकास बैङ्कले आरम्भ गरेको साना किसान सहकारी अनुसरण कार्यक्रम प्रभावकारी रहेको बताउनुभयो । उहाँले पुँजी, सीप र सङ्गठनको यो सम्मिश्रणबाट स्थानीय संरचनाले प्रभावकारी रूपमा काम गर्ने भएकाले गरिबी निवारणका लागि साना किसान अभियान मुलुकको भौगोलिक र सांस्कृतिक बनावटको अनुकस्ल देखिएको बताउनुभयो ।

साना किसान विकास प्रक्रियामा साना किसानहरूको गहिरो विश्वास, अगाध आस्था र भरोसा रहेको महसुस गरी साना किसानहरूको जोस र जाँगरमा थप ऊर्जा एवं हौसला प्रदान गर्न र साना किसानहरूको उन्नतिसँगै देशको उन्नतिमा सघाउ पुऱ्याउन सरकारले गत वर्षमा दुई अर्ब रकम बराबरका दुई किसिमका ऋणहरू साना किसान विकास बैङ्कमार्फत किसानहरूले गर्न चाहेको कामका लागि उपलब्ध गराउने व्यवस्था गरेको हो र सरकारका तर्फबाट साना किसानहरूलाई चाहिएका कुराहरू उपलब्ध गराउन मेरो प्रयास रहनेछ भन्नुभयो ।

उहाँले भन्नुभयो – यहाँ आउँदा अनुभव गरेको र यहाँ व्यक्त गरिएका समस्याअनुरूप चारैतिर कर्णाली नदीले घेरिएर रहेको यस टापुमा तटबन्धको समस्या समाधानका लागि कति निकासा दिन सकिन्छ, त्यसका लागि आवश्यक पहल गर्ने र यहाँको उत्पादित खाद्यान्न खाद्य संस्थानले खरिद नगर्दा बिचौलियाको चर्को मार्जिनको मारमा परेको समस्या बोध भएकाले त्यसका लागि खाद्य संस्थानलाई यहाँको खाद्यान्न खरिद गर्न कति रकम आवश्यक पर्छ त्यसको जोहो गर्ने प्रयास गर्नेछु । साना किसान सहकारी संस्था चलाउने जिम्मेवारी किसानहरूको काँधमा आएको छ । जिम्मेवारी वा अधिकार प्राप्त गरेपछि अधिकार अनुरूपको जिम्मेवारी सम्हाल्न कठिनाइ हुन्छ । त्यो जिम्मेवारी बहन गर्न पछि नपर्नोस् । इमानदारीपूर्वक बहन गरेको जिम्मेवारीको परिणाम सफल हुन्छ । मध्य र सुदूरपश्चिममा युनिभर्सिटी, हस्पिटल आदि निर्माण गर्ने प्रयास भइरहेका छन् । पूर्व-पश्चिम रेलमार्गको पश्चिमतर्फको सम्भाव्यता अध्ययन कार्य पहिले हुन्छ । अब यस क्षेत्रको द्रुततर प्रगतिका लागि सबैले जोसजाँगरका साथ विकासप्रयासमा लाग्नु जरुरी छ ।

उहाँले सफलतापूर्वक साना किसान सहकारी अनुसरण गर्न सफल साना किसान कृषि सहकारी सङ्घ लि. बर्दियालाई प्रशंसापत्र हस्तान्तरण गर्नुभएको थियो ।

हस्तान्तरण समारोहमा बैङ्कका अध्यक्ष खेमबहादुर पाठकले संस्थालाई यो अवस्थामा ल्याइपुऱ्याउन धेरै मिहिनेत गर्ने सबैलाई धन्यवाद दिनुभयो । अन्य जिल्लामा अनुसरण कार्यक्रममार्फत लोपोन्मुख चेपाङ, वनकरिया, राउटे र अन्य पिछडिएका आदिवासी जनजातिलाई पुऱ्याएको सेवा र उनीहरूमा आएको चेतनाको विकासको उदाहरण प्रस्तुत गर्दै उहाँले बर्दिया जिल्लाका सबै गाविसमा साना किसान सहकारीको सेवा पुऱ्याउनेतर्फ कार्य गर्न साना किसान विकास अभियानमा लाग्न सङ्घसंस्थाका प्रतिनिधिहरूलाई अनुरोध गर्नुभएको थियो । हस्तान्तरण भएका चारवटा संस्था एकैपटक स्थापना भए पनि सेयर, आन्तरिक पुँजी र बचत सङ्कलनमा एउटा अलि बलियो अर्को अलि कमजोर रहेको देखिएकाले जसले बढी मिहिनेत गर्न सक्यो त्यही संस्था अगाडि जान्छ भन्दै यस गाउँका महिलाहरूले नयाँ कामको थालनी गरेकोमा सबैलाई धन्यवाद दिनुभएको थियो ।




नव निर्मित साना किसान सहकारी संस्थालाई परिपक्वताको प्रमाणपत्र प्रदान गर्दै अर्थ सचिव श्री कृष्णहरी बास्कोटा

त्यसै कार्यक्रममा साना किसान विकास बैङ्कका प्रमुख कार्यकारी अधिकृत जलनकुमार शर्माले साना किसान विकास बैङ्कले देशभरि नै महिलाहरूको सहकारी स्थापना गर्ने कार्य अगाडि बढाइरहेको छ, सोहीअनुरूप कर्णालीले घेरेका ११ गाविसमध्ये चारवटा गाविसमा कार्यक्रम सञ्चालन गरेको फलस्वरूप यी गाउँमा संस्थाहरू स्थापना भएका हुन् भन्दै गाउँका सम्पूर्ण महिला मिलेर सञ्चालन गरेको यो संस्थामा तपाईंहरूको मिहिनेतलाई सबैजना कदर गर्दछौं भन्नुभयो र चारवटै संस्था नमुनाका रूपमा रहनुपर्ने कुरामा जोड दिनुभयो। उहाँले बैङ्कले साना किसानहरूको आर्थिक तथा सामाजिक विकासका लागि जति पैसा बैङ्कमा ल्याइन्छ, सबै पैसा किसानको हातमा पुऱ्याउँछ भन्ने जानकारी दिनुभयो। अहिले बैङ्कले बर्दिया र धादिङका सबै गाउँमा साना किसान सहकारीको सेवा पुऱ्याउने सोच बनाएको छ, तपाईंहरू धादिङभन्दा पहिले बर्दियालाई साना किसान सहकारीको सेवा पुऱ्याउने जिल्ला बनाउन सक्नुहुन्छ कि हुन्न ? भन्ने प्रश्न गर्दै साना किसान विकास बैङ्कको लघुवित्तसेवा उत्पादनमा आधारित छ र उत्पादन बढाएर नेपालका साना किसानहरू धनी नबनेसम्म नेपालको विकास सम्भव नभएको बताउनुभयो। आफ्नो विकास गर्न अघि बढ्नुभयो भने बैङ्क होस्टेमा हैन्से गर्न तत्पर रहने कुरा बताउँदै उहाँले भावी दिनमा संस्था सफलतासाथ कार्यान्वयन गर्न साना किसानहरू सक्षम हुनेछन् भन्नेमा विश्वस्त रहेकाले सफलताको शुभकामनासमेत व्यक्त गर्नुभएको थियो।

उक्त कार्यक्रममा बैङ्का सञ्चालक चाँदनी ढकालले साना किसान विकास बैङ्क देशभरि नै सहकारी स्थापना गर्ने कार्यमा अगाडि बढिरहेको छ, महिलाहरूले अवसर पाएको खण्डमा जुनसुकै कार्य पनि राम्रो तरिकाले सञ्चालन गर्न सक्छन् भन्दै तपाईहरूको गाउँमा यी संस्था सञ्चालन भएका छन् त्यसैले यी संस्था सफलतापूर्वक अगाडि बढाउने जिम्मेवारी तपाईहरूमा आइपरेको छ भन्नुभयो।

बर्दिया जिल्ला सहकारी कार्यालयका प्रमुखले कृषि सहकारी संस्थाले ग्रामीण स्तरमा बसोवास गर्ने महिलाहरूलाई सहकारी संस्थाका माध्यमद्वारा सङ्गठित गराई महिलाहरू मिलेर आर्थिक र सामाजिक उन्नतिको विकास गर्न सके गाउँको गरिबी आफैं घट्ने जानकारी गराउनुभयो। विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाले बनाएका सहकारी त्यति सफल नभएको जानकारी गराउदै गाउँमा नै सङ्गठित भई बनाएका सहकारी संस्थाहरूले सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तर माथि उठाउन महत्वपूर्ण भूमिका खेल्दै गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउँदै आएको बताउनुभयो।

कार्यक्रममा साना किसान कृषि सहकारी सङ्घका अध्यक्ष पूर्ण शर्माले यस ठाउँका महिलाहरूलाई हौसला दिन अर्थसचिव आउनुभएको, साना किसान विकास बैङ्क लि. ले हस्तान्तरण कार्यक्रमको आयोजना गरेको र बैङ्कबाट अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृतलगायत यस गाउँमा आउनुभएकाले उहाँहरूप्रति हामी आभारी रहनेछौं भन्दै स्वागत-मन्तव्य राख्नुभएको थियो। उहाँले कृषि बैङ्कबाट ७ लाखमा कर्जा लिई सञ्चालन गरेको उहाँको संस्थाले अहिले ३ करोडको कारोबार गर्दछ भन्ने जानकारी गराउँदै तपाईंहरू पनि सहकारी चलाउनुस्, भोलि त्यसभन्दा पनि ठूलो बनाउन सक्नुहुन्छ भनी हौसला दिनुभयो।

कार्यक्रममा स्थानीय किसान प्रतिनिधि शर्मा चौधरीले यस क्षेत्रमा ११ गाविस रहेको र यहाँका ८० प्रतिशत मानिस कृषि पेसामा संलग्न रहेको जानकारी गराउँदै कठिन भौगोलिक बनावटका कारणले गर्दा ६ महिना राज्यबाट अलग भएर बस्नुपर्ने बाध्यताले गर्दा जीवन एकदमै कष्टकर रहेको जानकारी दिनुभयो। उहाँले यस क्षेत्रमा १४००० हेक्टर जमिनमा खेती गरिन्छ, त्यसबाट ६ लाख क्विन्टल धान उत्पादन हुन्छ, खेतीका लागि मलको हाहाकार छ, सरकारको सुविधा यहाँ आइपुग्दैन, तटबन्ध आवश्यक रहेको छ, यहाँबाट उत्पादित गहुँ खाद्य संस्थानले किनेन, यसमा विचार पुगोस् भन्नुभयो।

# साना किसानको कार्यक्रममा इजरायली राजदूत



श्री अन्तुका साना किसानका माझमा राजदुत श्री गोडेर

झापा। इजरायली राजदूत श्री खनान गोडेरले झापा र इलामका साना किसान सहकारी संस्थाका क्रियाकलापहरूको स्थलगत अवलोकन गर्नुभएको छ। श्री गोडेरको भ्रमण कार्यक्रममा इजरायली राजदूतावासका अधिकृत केशव श्रेष्ठ, साना किसान विकास बैङ्का अध्यक्ष खेमबहादुर पाठक, प्रमुख कार्यकारी अधिकृत जलनकुमार शर्मा, वरिष्ठ प्रबन्धक झलेन्द्र भट्टराई तथा इलाका प्रबन्धक गणेश भट्टराईसहितको सहभागिता रहेको थियो। श्री गोडेरले जेठ २३ गते दिउँसो झापा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीसँग भेटवार्ता गरी जिल्लाको भौगोलिक, आर्थिक, शैक्षिक आदि पक्षहरूबारे जानकारी प्राप्त गर्नुभएको थियो।

दिउँसो ३ बजे उक्त टोली साना किसान सहकारी संस्था लि. श्रीअन्तु, इलामद्वारा आयोजना गरिएको साना किसान अन्तर्क्रिया कार्यक्रममा भाग लिन पुगेको थियो। सो कार्यक्रममा संस्थाका प्रबन्धक इच्छाराम पोखरेलले संस्थाका विविध गतिविधि तथा भावी योजनाका बारेमा प्रस्ट पार्नुभएको थियो। श्रीअन्तु गाविसमा बसोबास गर्ने ५८५ परिवार साना किसान आबद्ध रहेको उक्त संस्थाका सबै सदस्यहरूले १५५०० रोपनीभन्दा बढीमा गरेको चियारोपणबाट वार्षिक ५५०० मेट्रिक टनभन्दा बढी हरियो चिया उत्पादन गर्दै आएका, साना किसानहरूको हरियो चियाको प्रशोधन एवं उचित बजारीकरणका लागि संस्थाले रु. ३ करोडको लगानीमा सहकारी चिया प्रशोधन कारखाना स्थापना गर्ने योजना बनाएको एवं सोका लागि स्थानीय साना किसानहरूले रु. १ करोड ५० लाख पुँजी सङ्कलन गर्ने र बाँकी रु. १ करोड ५० लाखका लागि सरकार तथा दातृसंस्थाहरूसँग प्रस्ताव गरिने कुरा श्री पोखरेलले बताउनुभयो।

...बाँकी अंश पृष्ठ नं १६मा

# साना किसानको कार्यक्रममा इजरायली राजदूत

... पृष्ठ नं १५ को बाँकी अंश



पृथ्वीनगरका साना किसानसँग चियापत्ति टिप्दै श्री गोडेर

कार्यक्रममा सम्बोधन गर्दै राजदूत श्री गोडेरले श्रीअन्तुको भौगोलिक र प्राकृतिक सौन्दर्यको तारिफ गर्दै श्रीअन्तुवासीका तर्फबाट आफूलाई भएको स्वागतका लागि कृतज्ञता ज्ञापन गर्नुभयो। क्षेत्रफलमा नेपालभन्दा ज्यादै सानो एवं ८-९ घन्टाको हवाई दूरीमा रहेको आफ्नो देशले पनि कृषिलाई केन्द्रमा राखेर विकास अभियान सञ्चालन गरेको बताउँदै व्यक्ति फूलको थुँगा र सहकारी माला भएकाले सहकारीको मालामा आबद्ध श्रीअन्तुवासीले आर्थिक विकासका लागि सहकारी प्रयासमा कृषिव्यवसाय अङ्गिकार गरेकोमा उहाँले खुसी व्यक्त गर्नुभयो। आफ्नो देशको विकासप्रक्रिया यसरी नै अघि बढेको स्मरण गर्दै उहाँले आधुनिक जीवन प्रविधि र नयाँ ज्ञान तथा सीपबाट प्रभावित रहेको हुँदा कृषिक्षेत्रमा पनि सफलता प्राप्तिका लागि यसको व्यावसायीकरण गर्नुपर्ने र लगानी गर्न आवश्यक हुने बताउनुभयो।

कार्यक्रममा साना किसान विकास बैङ्कका अध्यक्ष खेमबहादुर पाठकले विगतका असजिला र अप्ठ्याराहरूबाट पाठ सिकेर नयाँ र व्यवस्थित ढङ्गबाट साना किसानहरूको समृद्धि र विकासका प्रयासहरू सुरु गर्न आह्वान गर्नुभयो। साना किसान सहकारी संस्था स्थानीय साना किसानहरूको सामूहिक प्रयत्नले सिर्जित संस्था भएकाले यसको शक्तिबाट सामूहिक लाभका ठूलाठूला योजनाहरू सम्पन्न गर्न सकिने कुरा अन्यत्रको उदाहरण दिँदै उहाँले प्रस्ट पार्नुभयो।



बैंकका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत सहित श्री गोडेर

राजदुत श्री गोडेरसहितको उक्त टोली जेठ २४ गते साना किसान कृषि सहकारी संस्था लि. पृथ्वीनगरद्वारा आयोजना गरिएको साना किसान अन्तर्क्रिया कार्यक्रममा भाग लिन पुगेको थियो। सो संस्थाको निर्माणाधिन सहकारी चिया कारखानाको परिसरमा आयोजित कार्यक्रममा उपस्थित साना किसानहरूले टोलीको भव्य स्वागत गरेका थिए।

चिया उद्योगको विस्तारबाट विस्थापनको सँघारमा पुगेका पृथ्वीनगरका साना किसानहरूले अस्तित्वरक्षाका लागि परम्परागत कृषि पेसाबाट चियाखेतीमा रूपान्तरण गर्नुपरेको कुरा स्मरण गर्दै उक्त संस्थाका लेखासंयोजक शिवकुमार राजभण्डारीले साना किसान सहकारी संस्थाले १६-१७ वर्षअघि साना किसानका लागि चिया कार्यक्रम नल्याएको भए हामी साना किसानहरू विस्थापन भइसक्ने थियौँ र आज यहीँ ठूलाठूला उद्योगीहरूको चियाबगानमा ज्यालामजदुरी गरिरहेका हुने थियौँ भन्नुभयो। पुनर्वास यो जनाअन्तर्गत सरकारले सुकुम्बासीहरूलाई बसोबास गराएको यो वस्तीका बासिन्दालाई फेरि सुकम्बासी हुने अवस्थाबाट साना किसान सहकारी संस्थाले बचाएको बताउँदै उहाँले यस बस्तीको बसोबास योजना इजरायली प्लानअनुसार भएकाले पृथ्वीनगरवासीहरूको इजरायलसँग भावनात्मक सम्बन्धसमेत रहेको बताउनुभयो।

समारोहमा २०५ परिवार साना किसान सदस्य र अन्य २०० परिवार गैरसदस्य साना किसानले पृथ्वीनगरमा चिया रोपण गरी वार्षिक ५० लाख ३० केजी हरियो चिया उत्पादन गर्दै आएका छन् र उक्त चियालाई प्रशोधन गर्न किसानले भोग्नुपरेको समस्या निवारण गर्न लगभग ५ करोड ५९ लाख रुपियाँ लागत पर्ने सहकारी चिया प्रशोधन कारखाना निर्माण सुरु गरिएको कुरा संस्थाका अध्यक्ष देवीप्रसाद कोइरालाले बताउनुभयो। आगामी कार्तिकसम्ममा सञ्चालनमा आउने उक्त कारखानाको क्षमता दैनिक २५ हजार केजी हरियो चिया प्रशोधन गरी ५ हजार केजी तयारी चिया उत्पादन गर्ने रहेको बताउँदै सोको निर्माणका लागि सरकारले रु. २ करोड ६० लाख अनुदान उपलब्ध गराएको र बाँकी स्थानीय साना किसानहरूले व्यावस्था गरेको समेत उहाँले बताउनुभयो।

इजरायली प्लानअनुसारको बस्तीमा आइपुग्दा आफूलाई खुसी लागेको बताउँदै राजदूत श्री गोडेरले सहकारीको बाटोबाट व्यावसायीकरणका लागि धेरै सम्भावनाहरू खुल्ने बताउनुभयो। उत्पादन र प्रशोधनलाई नियन्त्रणमा राख्न चियाकारखाना अत्यन्त सहयोगी हुने बताउँदै उहाँले यस कारखानाबाट साना किसानहरू आफ्नो भाग्यको आफैं मालिक बनेका छन् भन्नुभयो। उहाँले कुनै पनि राष्ट्र अघि बढ्न उसले भविष्यको प्रगतिका लागि लगानी गर्नुपर्छ र हामीले त्यही गरेका हौं, अहिले तपाईंहरूले गर्नुभएको लगानीले पनि तपाईंहरूको प्रगतितर्फको यात्रालाई सङ्केत गरेको छ भन्नुभयो।

साना किसान विकास बैङ्कका अध्यक्ष खेमबहादुर पाठकले सरकारबाट यस कारखानाका लागि रु. ३ करोड अनुदान दिने व्यवस्था भएको भन्ने सुनिएको र हाल रु. २ करोड ६० लाख मात्र अनुदान प्राप्त हुने भएकोमा दुःख लागेको सुनाउँदै पृथ्वीनगरका साना किसानहरूको यो उत्साह हेरेर सरकारले पुनः आफ्नो निर्णयमा पुनर्विचार गर्न आग्रह गर्ने कुरा बताउनुभयो। ज्यामी, मजदुर र दुखजिलो गरी जीवनयापन गर्नुपर्ने हामी साना किसानहरू आज ६ करोडभन्दा बढी लगानीको कारखानाका मालिक भएको कुरा नेपालकै साना किसानहरूका लागि उदाहरण र गर्वको विषय भएकाले यसलाई अनन्तकालसम्म सुनको अन्डा दिने कुखुराका रूपमा सम्हाल्न अनुरोध गर्नुभयो।

राजदूत श्री गोडेरले पृथ्वीनगर - ५ का गाईपालक किसान जगन्नाथ गिरीको व्यावसायिक गाईपालन फार्मको पनि अवलोकन गर्नुभयो। साना किसान सहकारी संस्थाबाट रु. ३ लाख ऋण प्राप्त गरी उक्त पेसा सुरु गर्नुभएका श्री गिरीको हाल ८ वटा दुहुना गाई र एक साँढे रहेका छन्। दुग्धपदार्थको बहुआयामिक बजार भएकाले हालसम्म बिक्री नहुने समस्या भोग्नु नपरेको र यस पेसाबाट खर्च कटाएर वार्षिक ३ लाखजति नाफा हुने श्री गिरीले बताउनुभयो।

श्री गोडेरले जेठ २४ गते झापा जिल्ला उद्योग वाणिज्य सङ्घका प्रतिनिधि एवं व्यवसायीहरूसँग अन्तर्क्रिया गर्नुभएको थियो भने साँझमा झापा जिल्लाका पत्रकारहरूसँग पत्रकार सम्मेलनमा भाग लिई पत्रकारका विभिन्न जिज्ञासाहरूको जवाफ दिनुभएको थियो।

Design: www.colornpixel.com